राजधानी दैनिक, २०७३/०२/२२

# गरे जलविद्युत्मा सबै आत्मनिर्भर

*भीम गौतम*

नेपालको आर्थिक समृद्धिको मुख्य आधार मानिने जलविद्युत् आयोजनाबारे आधिकारिक अध्ययन भएको छैन । ५० वर्षअघि हरिमान श्रेष्ठले शैक्षिक प्रयोजनको शोधग्रन्थमा उल्लेख गरेको ८३ हजार मेगावाटलाई हालसम्म आधिकारिक मानिँदै आएको छ । जल तथा ऊर्जा आयोगले बल्ल नेपालको जलविद्युत् क्षमताबारे सरकारी स्तरबाट अध्ययन अघि बढाएको छ ।

जलविद्युत् उत्पादनका लागि विश्वकै धनी देशभित्र पर्ने अनि जलविद्युत् उत्पादन सुरु भएको १ सय ५ बर्से इतिहास भए पनि बल्ल अध्ययन सुरु गरिएको हो । अध्ययनको प्रारम्भिक प्रतिवेदनले १ लाख ३० हजार मेगावाट पुग्ने अनुमान गरिएको छ । एक अध्ययनले ४२ हजार मेगावाट मात्र व्यावसायिक रूपमा उत्पादनको क्षमता रहेको उल्लेख छ । विद्युत् विकास विभागबाट लिएको लाइसेन्सको अवस्था हेर्ने हो भने १ लाख मेगावाटभन्दा बढी छ भन्ने देखिन्छ । यसका आधारमा के भन्न सकिन्छ भने नेपालको जलविद्युत् कति उत्पादन हुन्छ भन्ने यकिन अझै हुन सकेको छैन ।

नेपाल संघीयतामा गएपछि कुन प्रदेशमा कति उत्पादनको सम्भावना छ भन्ने चर्चा–परिचर्चा सुरु भएको छ, तर यसको आधिकारिक तथ्यांक कसैले दिन सकेको छैन । नेपालको संविधानले प्रदेशको विभाजन गर्दा आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक प्रचुरतालाई हेर्ने विषयलाई मुख्य मुद्दा बनाएका छन् ।

के छ संविधानमा ?

नेपालको नयाँ संविधान २०७२ मा भने संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने उल्लेख छ । जलविद्युत् आयोजनाको लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुका रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानुनबमोजिम वितरण गर्नुपर्ने उल्लेख छ । संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहे लगानीको प्रकृति र आकारका आधारमा कानुनबमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनुपर्ने नेपालको संविधान २०७२ मा उल्लेख छ । प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने पनि संविधानमा उल्लेख छ ।

राष्ट्रिय हितअनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवद्र्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने, जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने तथा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने उल्लेख छ ।

ठूला आयोजनाको लाइसेन्सदेखि सबै प्रक्रिया केन्द्रीय सरकारमा हुने तथा साना आयोजना मात्र संघ÷राज्यबाट अघि बढ्ने, लाभ बाँडफाँडबारे केन्द्रीय निकायबाट स्पष्ट निर्णय हुने, नेपाल विद्युत् प्राधिकरणको संरचना प्रदेशका आधारमा अघि बढाउनेलगायत संविधानमा उल्लेख छ ।

उत्पादन र सम्भावना

मुलुकभर कति जलविद्युत् उत्पादनको सम्भावना छ भन्ने यकिन अध्ययन हालसम्म भएको छैन । विद्युत् विकास विभागमा लाइसेन्सका लागि दिएको निवेदन र प्राप्ति, निर्माणाधीन जलविद्युत् आयोजना, विभिन्न समयमा सरकार र दातृ निकायमा गरिएको छुट्टाछुट्टै अध्ययनका आधारमा मात्र जलविद्युत् उत्पादनको क्षमता ६० हजार मेगावाटभन्दा माथि हुने अनुमान छ ।

हालै ऊर्जा मन्त्रालयले सात प्रदेशमा ६० जलाशययुक्त आयोजना रहेको र यी आयोजनालाई असर नपर्ने गरी मात्र पूर्वाधार कार्य अघि बढाउन भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्र पठाएको छ । यसका साथै हालसम्म निर्माणाधीन, निर्माण सम्पन्न तथा विभिन्न अध्ययनका आधारमा सबैभन्दा बढी जलविद्युत्को सम्भावना प्रदेश नम्बर ७ मा देखिएको छ भने सबैभन्दा कम प्रदेश नम्बर २ मा देखिएको छ ।

बागलुङ, गोर्खा, तनहुँ, स्याङ्जा, लमजुङ, मनाङ मुस्ताङ, म्याग्दी र पर्वत जिल्ला समेटिएको प्रदेश नम्बर ४ मा ८ हजार ८ सय ५८ मेगावाटका जलाशययुक्त आयोजनासमेत गरी १२ हजार मेगावाट बराबरको उत्पादन क्षमता रहेको अनुमान छ । आँधीखोला, बु ुढीगण्डकी, कालीगण्डकी–१ र २, सप्तगण्डकी, सेती, त्रिशूल गंगा, अपर सेती, उत्तरगंगालगायतका चर्चित जलाशययुक्त आयोजना यसै क्षेत्रमा पर्दछन् । निर्माण सम्पन्न नेपालकै सबैभन्दा ठूलो कालीगण्डकी, त्यसपछिको ठूलो आयोजना मध्यमस्र्याङ्दी र मस्र्याङ्दी जलविद्युत् आयोजना पनि यसै क्षेत्रमा पर्दछन् ।

बझाङ, बाजुरा, अछाम, डोटी, कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी र दार्चुला जिल्ला पर्ने प्रदेश नम्बर ७ मा ११ हजार मेगावाट जलाशययुक्त आयोजनासहित कम्तीमा १५ हजार मेगावाट उत्पादन हुने अनुमान गरिएको छ । यहाँ प्रदेश नम्बर ४ र ७ को आधा–आधा मान्ने हो भने १० हजार ८ सय मेगावाटको कर्णाली चिसापानीतर्फ ५ हजार ४ सय, नेपालतर्फ ३२ सय ४० मेगावाट पर्ने पञ्चेश्वर, ९ सय ६६ मेगावाटको सेती एसआर ६, ७ सय ५० मेगावाटका चर्चित जलाशययुक्तलगायतका ठूला आयोजना पनि यसै क्षेत्रभित्र पर्दछन् । कर्णाली चिसापानी प्रदेश नम्बर ५ मा पनि पर्दछ ।

झापा, इलाम, पाँचथर, ताप्लेजुङ, मोरङ, सुनसरी, धनकुटा, भोजपुर, संखुवासभा, सोलुखुम्बु, खोटाङ, उदयपुर र ओखलढुंगा जिल्ला समेटिएको प्रदेश नम्बर १ मा ७ हजार ३ सय मेगावाटका जलाशययुक्त आयोजनासहित कम्तीमा १० हजार मेगावाट विद्युत् उत्पादनको क्षमता रहेको अनुमान छ । यस क्षेत्रमा तमोर–१ र ३, दूधकोसी, सुनकोसी–१, अपर माईलगायतका आयोजना पर्दछन् ।

रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, बागलुङ, दाङ, प्युठान, रोल्पा, रुकुम, बाँके र बर्दिया जिल्ला समेटिने प्रदेश नम्बर ५ मा ८ हजार उत्पादन क्षमता रहेको अनुमान छ । यस क्षेत्रमा कर्णाली चिसापानीको आधा अर्थात् ५ हजार ४ सय मेगावाटका साथै शारदा बबई बहुउद्देश्यीय, नौमुरे, भालुवाङ, लोअर बडीगार्ड, मादी रोल्पा, उत्तरगंगा जलाशयलगायत आयोजना यस क्षेत्रमा छन् ।

काभ्रे, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, रसुवा, नुवाकोट, धादिङ, भक्तपुर, ललितपुर, काठमाडौं, मकवानपुर, चितवनलगायतका जिल्ला समेटिएको प्रदेश नम्बर ३ मा ६५ सय जलाशययुक्त आयोजनासहित ११ हजार मेगावाट उत्पादन क्षमता रहेको अनुमान छ । १२ सय मेगावाटको बूढीगण्डकी, ११ सय १० मगावाटको

सुनकोसी दोस्रो, ५ सय ३६ मेगावाटको सुनकोसी तेस्रोका साथै खिम्ती शिवालय, इन्द्रावती, कोखाजार, सप्तगण्डकी, लामटाङ, तामाकोसी–३ र ४ लगायतका जलाशययुक्त आयोजना यसै क्षेत्रभित्र पर्दछन् ।
डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोटी, रुकुम, जाजरकोट, दैलेख, सुर्खेतलगायतका जिल्ला समेटिएको प्रदेश नम्बर ६ मा ४३ सय जलाशययुक्त आयोजनासहित ६ हजार मेगावाट बराबरको उत्पादन क्षमता भएको अनुमान गरिएको छ । यसका भेरी–३ 'ए' र 'बी', ४ र ५, नलसिंहगाड, लोहारे, शारदा, बबई जलाशयलगायतका आयोजना यस क्षेत्रभित्र पर्दछन् ।
पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरीलगायतका जिल्ला समेटिएको प्रदेश नम्बर २ मा २ सय मेगावाट मात्र विद्युत् उत्पादन हुन सक्ने अनुमान छ । यस क्षेत्रमा सुनकोसी कमला ड्राइभर्सन र बाग्मती बहुउद्देश्यीय जलाशय बनाउन सकिने सम्भावना मात्र छ ।
ऊर्जा मन्त्रालयले सातै प्रदेशका प्रस्तावित, अध्ययनका क्रममा रहेका र निर्माणाधीन जलाशययुक्त आयोजनाको सूची प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठाएको छ । प्रधानमन्त्री कार्यालयले जलाशययुक्त आयोजनाहरूलाई असर पर्ने गरी प्रस्तावित ठाउँमा कुनै पनि भौतिक पूर्वाधार नबनाउन पनि सबै विकास मन्त्रालयहरूलाई निर्देशन दिएको छ । अधिकांश सडक, आवासलगायतका पूर्वाधार आयोजना नदी नजिकबाट बन्ने भएकाले जलाशययुक्त आयोजनाको क्षमता कमजोर नहोस् भनेर यस्तो पत्र ऊर्जाले प्रधानमन्त्री कार्यालयलाई पठाएको हो ।
सात प्रदेशमा नौ आयोजना
निर्माणाधीनबाहेक प्रत्येक प्रदेशमा ऊर्जा मन्त्रालयले एक÷एक आयोजना अघि बढाउने प्रक्रिया अघि बढाएको छ । ऊर्जा मन्त्रालयले प्रदेश नम्बर १ मा ७ सय ६२ मेगावाटको तमोर, ३ मा ५ सय ५३ मेगावाटको सुनकोसी तेस्रो, ४ मा १२ सय मेगावाटको बूढीगण्डकी, ५ मा २ सय ४५ मेगावाटको नौमुरे र ९० मेगावाटको शारदा बबई, ६ मा ४ सय १० मेगावाटको नलसिंहगाड तथा प्रदेश नम्बर ७ मा नेपाल र भारतमा आधा–आधाका कारण ६४ सय ८० मध्ये ३२ सय ४० मेगावाटको पञ्चेश्वर र ७ सय ५० मेगावाटको पश्चिम सेती जलाशययुक्त आयोजना अघि बढाउने गरी प्रस्ताव गरेको छ । प्रदेश नम्बर २ मा भने कुनै जलाशययुक्त आयोजना बन्ने सम्भावना छैन । यी आयोजना अघि बढाउन ऊर्जा मन्त्रालयले गृहकार्य अघि बढाएको छ ।
प्रदेश जलविद्युत् क्षमता (मेगावाट)

१. १०,०००

२. २००

३. ११,०००

४. १२,०००

५. ८,०००

६.  ६,०००

७. १५,०००

नयाँ पत्रिका, २०७३/०२/२३

## जलविद्युत प्रसारण लाईनमा समस्या नै समस्या

सरकारले मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि भन्दै दश वर्षे महत्वपूर्ण कार्ययोजना सार्वजनिक गरे पनि प्रमुख समस्याको रुपमा प्रसारण लाइन नै रहेको पाइएको छ ।

नेपाल विद्युत् प्राधिकरण र विभिन्न साझेदार संस्थाले कुल ४५ वटा प्रसारण लाइन निर्माणको काम गरिरहेको भए पनि कार्यप्रगति सन्तोषजनक नहुँदा थप समस्या निम्तिने भएको छ ।

चिलिमे हव र चिलिमे काठमाडौं प्रसारण लाइन नबन्दा वार्षिक पाँच अर्ब रुपैयाँभन्दा बढीको क्षति हुने देखिएको छ । सोलु कोरिडोरमा प्रसारण लाइन नबन्दा एक अर्ब ३५ करोड रुपैयाँ प्राधिकरणले क्षतिपूर्ति तिर्नुपर्ने भएको छ । मस्र्याङ्दी कोरिडोरमा प्राधिकरणले प्रसारण बनाउन नसकेका कारण सिनो सगरमाथा हाइड्रो आफैंले प्रसारण लाइन बनाइरहेको छ ।

यी त केही प्रतिनिधि परियोजना मात्रै हुन् । जलविद्युत् आयोजना निर्माण भइरहेको भए पनि प्रसारण लाइनको अभावमा कतिपय आयोजनाको विद्युत् खेर जाने भएको छ भने कतिपय आयोजनालाई प्राधिकरणले क्षतिपूर्ति तिर्नुपर्ने देखिएको छ । तर, सरकारले ऊर्जा संकटकाल घोषणा गरेर जलविद्युत क्षेत्रलाई विशेष ध्यान दिन खोजेका भए पनि समस्या घटेको छैन ।

खिम्ती ढल्केबर प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधान हुने दिशामा अगाडि बढेको छ । विगत दश वर्षभन्दा लामो समय जग्गा प्राप्ति र मुआब्जा वितरणमा देखिएको जटिलताका कारण समस्यामा फस्दै आएको सो प्रसारण लाइन निर्माणका लागि सरकारले पछिल्लो पटक सुरक्षाकर्मी परिचालन गरेको छ ।

जतातत‌ै प्रसारण लाइन निर्माणमा समस्या छ । कतै जग्गा प्राप्तिको विषय जटिल बनेको छ त कतै मुआब्जा वितरण प्रक्रिया चक्रब्यूहमा फसेको छ । काठमाडौँ–चापागाउँ–भक्तपुर प्रसारण लाइन सबैभन्दा जटिल बनिरहेको छ । हेटाँैडा–भरतपुर प्रसारण लाइन वनसँग स्वीकृत लिन नसक्दा लामो समयदेखि अड्किरहेको छ ।

यस्तै, यसअघि निर्माण गरिएका प्रसारण लाइनमा क्षमता नभएका कारण पनि उत्पादित विद्युत् उपभोक्ताको घरसम्म पु¥याउन जटिलता पैदा हुँदै आएको छ । विद्युत् उत्पादन, प्रसारण, वितरणलगायतका महत्वपूर्ण काम प्राधिकरणले गर्दै आएका कारण पनि कुन विषय प्रमुख प्राथमिकताका विषय हुन् र कुन होइनन् भन्ने छुट्याउन नसक्दा पनि प्रसारण लाइन निर्माणको विषय ओझेलमा पर्दै आएको हो ।

चिलिमे हवमा निर्माण हुने सवस्टेसन मुआब्जा वितरणका कारण समस्यामा फस्दै आएको छ । रसुवाको गोल्जुङबेसीमा नोर्बु वाङदीको २४ रोपनी जग्गाको आवश्यक निर्णय हुन नसक्दा रसुवागढी जलविद्युत् आयोजनाले दैनिक एक करोड रुपैयाँ घाटा खानुपर्ने देखिएको छ । युरोपेली बैंक प्रमुख लगानीकर्ता रहेको सो सवस्टेसन र प्रसारण लाइनको काम जग्गा प्राप्ति र मुआब्जा वितरणमा देखिएको समस्याका कारण अगाडि नबढ्दा सान्जेन, तल्लो सान्जेन, रसुवागढी जस्ता महत्वपूर्ण आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिने अवस्था छैन ।

ठेकेदार छनोट प्रक्रियामा नै अल्झिएको सोलु कोरिडोर प्रसारण लाइन बन्न नसक्दा विद्युत् खरिद सम्झौता गरिएका तीन वटा आयोजनालाई वार्षिक एक अर्ब ३५ करोड रुपैयाँ क्षतिपूर्ति प्राधिकरणले तिर्नुपर्ने देखिन्छ ।

दशवर्ष भन्दा लामो समयदेखि जग्गा प्राप्तिको समस्यामा फसेको थानकोट–चापागाउँ–भक्तपुर प्रसारण लाइनको जटिलता समाधान गर्नेतर्फ सरकारले हालसम्म ध्यान दिन सकेको छैन । प्राधिकरणले चिलिमे हव र प्रसारण लाइन सन् २०२० अगाडि बन्न नसक्ने जानकारी चिलिमे जलविद्युत् कम्पनीलाई गराइसकेको छ ।
आगामी असारमा १४.८ मेगावाट क्षमताको सान्जेन जलविद्युत् आयोजना निर्माण सम्पन्न हुने छ भने, सन् २०१८ को अन्त्यसम्म ४२.५ मेगावाट क्षमताको तल्लो सान्जेन निर्माण सम्पन्न हुनेछ । यस्तै सन् २०१८ कै डिसेम्बरसम्म एक सय ११ मेगावाट क्षमताको रसुवागढी सम्पन्न हुनेछ । तर, प्राधिकरणले हालसम्म प्रसारण लाइन बनाउनेतर्फ चासो देखाएको छैन । सान्जेन आयोजनाका प्रमुख गिरिराज अधिकारीले आफूहरुलाई समस्या नै प्रसारण लाइनको रहेको बताउछन् ।
यस्तै, भूकम्प र नाकाबन्दीको चपेटामा परेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजना आगामी दुई वर्षभित्र पूरा हुने प्रक्षेपण गरिए पनि प्रसारण लाइन निर्माणमा सोचेजति प्रगति हुन सकेको छैन । प्रसारण लाइन र सवस्टेसन नहुँदा भारतबाट मागअनुसारको विद्युत् ल्याउन सकिएको छैन । ढल्केबरमा सवस्टेसन निर्माण सम्पन्न गर्ने तर्फ प्राधिकरण जुन रुपमा लाग्नुपर्ने हो लाग्न सकेको छैन ।
कतै बन तथा भूसंरक्षण मन्त्रालयसँग प्रसारण लाइनको विषय जोडिएको छ भने कतै जग्गा प्राप्ति र मुआब्जा वितरणसँग जेलिएको छ । सरकारले आगामी आर्थिक वर्ष प्रसारण लाइन निर्माणलाई प्रमुख प्राथमिकतामा राखेको छ । उपप्रधान एवम् ऊर्जा मन्त्री टोपबहादुर रायमाझीले सरकारले प्रमुख प्राथमिकतामा प्रसारण लाइन नै राखेको बताउछन् । उनले भने, ‘समस्या छन्, त्यसलाई समाधान गर्नेतर्फ सरकार लागेको छ । लामो समयदेखि अल्झदै आएको खिम्ती ढल्केबरको काम सुरु भएको छ । चिलिमे हवका बारेमा त मलाई हालसम्म सम्बन्धित निकायले जानकारी नै गराएको छैन । के भएको रहेछ म बुझेर समस्या समाधान गर्न लाग्छु ।’
सरकारले आगामी आवमा ढल्केबर–काठमाडौँ ४०० केभी र हेटाँैडा– ढल्केबर–इनरुवाको सोही क्षमताको प्रसारण लाइन निर्माण कार्यलाई प्राथमिकतामा राखेको छ । ढल्केबर सवस्टेसनलाई स्तरोन्नति गर्ने कार्य आगामी मङ्सिरभित्र सम्पन्न गर्ने, मेची–महाकाली प्रसारण लाइन, कर्णाली, गण्डकी र कोसी कोरिडोर प्रसारण लाइनको निर्माण कार्यलाई अगाडि बढाउने तथा दुहवी–जोगबनी–पूर्णिया–बर्दघाट, न्यू बुटवल–गोरखपुर– नेपालगन्ज–लखनऊ र अत्तरिया–बरेली अन्तरदेशीय प्रसारण लाइन निर्माण कार्यलाई पनि प्राथमिकतामा राखिएको छ । रासस

नयाँ पत्रिका, २०७३/०२/२४

# ऊर्जा संकट निवारणका लागि ७ अर्ब बजेट

**ऊर्जा संकट निवारण कार्ययोजना कार्यान्वयनका लागि ९ अर्ब माग गरेकोमा ७ अर्ब विनियोजन**

सरकारले राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशक कार्ययोजना कार्यन्वयनका लागि ६ अर्ब ९९ करोड विनियोजन गरेको छ । ऊर्जा मन्त्रालयले कार्ययोजना कार्यान्वयनका लागि ९ अर्ब माग गरेको थियो । कार्ययोजनाका लागि ४ अर्ब ९९ करोड र कार्यायोजनामै उल्लेख गरिएका विद्युत् उत्पादन, प्रसारण र व्यापारसम्बन्धी कम्पनी स्थापना गर्न छुट्टै २ अर्ब रुपैयाँ विनियोजन गरेको छ । ४ अर्ब १२ करोडमध्ये १ अर्ब १२ करोड सरकारी स्रोतबाट र ३ अर्ब वैदेशिक ऋणबाट जुटाउने लक्ष्य राखिएको छ । कम्पनी स्थापना गर्न छुट्याइएको रकममध्ये १ अर्ब सरकारी र १ अर्ब वैदेशिक स्रोतबाट जुटाइने सरकारले उल्लेख गरेको छ ।

**१० हजार मेगावाटलाई प्राथमिकता**

सरकारले ०८२ भित्र १० हजार मेगावाट जलविद्युत् उत्पादन गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउने प्रतिबद्धता जनाएको छ । आव ०७१/७२को बजेटमार्फत आव ०७९/८० सम्म विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोडेपछि निजी क्षेत्रका आयोजनालाई प्रतिमेगावाट ५० लाख रुपैयाँका दरले एकमुष्ट अनुदान दिने घोषणा गरिएको थियो । आव ०७४/७५ भित्र निर्माण सम्पन्न गरी राष्ट्रिय प्रसारणमा जोड्ने उत्पादकलाई अनुदानमा १० प्रतिशत थप गरिने व्यवस्था छ ।

तर, उनीहरूले अझै रकम पाएका छैनन् । '९९ बुँदे कार्ययोजनालाई विनियोजन गरिएको रकमबाट अनुदान दिने तयारी भइरहेको छ,' ऊर्जाका सहायक प्रवक्ता गोकर्णराज पन्थले भने । यसैगरी, ०७१ भित्र निर्माण सम्पन्न भएका आयोजनालाई दिने भनिएको विद्युत् खरिद बिक्री सम्झौता (पिपिए)को हालको सूचीकृत दर (पोस्टेट रेट) पनि लगानीकर्ताले पाएका छैनन् ।

अर्थ मन्त्रालयले सोधभर्ना नदिएको भन्दै प्राधिकरणले गत वर्षको पुसबाट भुक्तानी रोकिरहेको छ । आव ०७१/७२ को बजेटमार्फत आव ०७९/८० सम्म विद्युत उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोडेपछि प्रतिमेगावाट ५० लाख रुपैयाँका दरले एकमुष्ट अनुदान दिने घोषणा गरिएको थियो ।

**प्रसारण लाइनलाई १३ अर्ब**

प्रसारण लाइन निर्माणका लागि १३ अर्ब ८९ करोड विनियोजन गरिएको छ । १३२ केभी तथा अन्य प्रसारण लाइन निर्माणका लागि १३ अर्ब ८ करोड ७० लाख, ३३ केभी तथा सव स्टेसन आयोजना कार्यान्वयनका लागि ७५ करोड ५३ लाख र थानकोट–चापागाउँ–भक्तपुर प्रसारण लाइनका लागि ६ करोड विनियोजन गरिएको हो । सरकारले हरेक वर्ष पर्याप्त रकम विनियोजन गरे पनि लाइन निर्माण हुन सकेको छैन । स्थानीय अवरोध र नेपाल विद्युत् प्राधिकरणको कमजोर व्यवस्थापन क्षमताले गर्दा लाइन निर्माण हुन नसकेको हो ।

**ऊर्जामा कुल ४८ अर्ब बजेट**

सरकारले आगामी आर्थिक वर्ष ०७३/७४ मा ऊर्जा क्षेत्रका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि ४७ अर्ब ९९ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छ । यसमध्ये साधारण (चालू), विकास (पुँजीगत) र वित्तीय व्यवस्थापनतर्फ तर्फ क्रमश: ९२ करोड ४४ लाख, ८ अर्ब १५ करोड ३८ लाख र ३८ अर्ब ९१ करोड ६८ लाख रुपैयाँ विनियोजन गरिएको हो । जलविद्युत् आयोजना अध्ययन, प्रसारण लाइन निर्माण, बुढीगण्डकी, माथिल्लो तामाकोसी, ऊर्जा संकट निवारण

तथा विद्युत् विकास दशक कार्ययोजनालगायतका कार्यक्रम कार्यान्वयनलाई प्राथमिकतामा राखी रकम विनियोजन गरिएको छ ।

चालू आवमा ऊर्जाको बजेट ४१ अर्ब छ । यसमध्ये करिब ७५ प्रतिशत खर्च हुने अनुमान गरिएको ऊर्जा मन्त्रालयका प्रवक्ता गोकर्णराज पन्थले जानकारी दिए ।

जलविद्युतमा लगानी बढाई विद्युत् उत्पादनमा वृद्धि, प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने, वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युत्को पहुँच सर्वसुलभ बनाउने र विद्युत् उत्पादन सम्मिश्रणको माध्यमबाट ऊर्जा सुरक्षाको प्रत्याभूति गर्ने क्षेत्रगत रणनीति तय गरिएको छ ।

**कार्यान्वयन पक्ष दह्रो बनाऊ : इपान**

निजी क्षेत्रका ऊर्जा उत्पादनकको संस्था, नेपाल (इपान)ले घोषणा गरिएका सुविधा तथा प्रतिबद्धताको कार्यान्वयन पक्ष दह्रो बनाउन सरकारसँग माग गरेको छ । इपानले आइतबार विज्ञप्ति निकाली यसअघि निजी क्षेत्रका जलविद्युत् आयोजनालाई दिने भनिएको सहुलियत र सुविधा उपलब्ध गराउन सरकारसँग माग गरेको छ ।

'राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशकसम्बन्धी अवधारणापत्र एवं कार्ययोजनाले हाल जलविद्युत् क्षेत्रमा रहेका विभिन्न समस्यालाई सम्बोधन गरेको र त्यसको सफल कार्यान्वयनले मात्रै यस क्षेत्रलाई अगाडि बढाउनेछ,' इपानले उल्लेख गरेको छ । यसो हुन सकेमा मात्रै सरकारले घोषणा गरेजस्तै लोससेडिङ अन्त्य गर्दै जलविद्युत्मा देश आत्मनिर्भर भई निर्यातसमेत गर्न सक्ने इपानले बताएको छ ।

अन्नपुर्ण पोष्ट, २०७३/०२/२३

## पीपीएको खेलोफड्को

*विकास थापा*

*जलसरोकार*

२०५७ साल असार २७ गतेदेखि निजी क्षेत्रको पहिलो जलविद्युत् खिम्तीले व्यापारिक उत्पादन सुरु गर्‍यो। जलविद्युत्मा निजी क्षेत्रलाई संलग्न गराउने नीति २०४९ मा बन्यो। उक्त नीति लागू भएदेखि हालसम्म निजी क्षेत्रका ४८ आयोजनाबाट ३११.८ मेगावाट उत्पादन भइरहेको छ।

आजको मितिसम्म ८५ वटा आयोजनाले १४२४? मेगावाट निर्माण गरिरहेका छन्। यिनीहरूमध्ये सबैभन्दा ठूला र विद्युत् प्राधिकरणका सहायक कम्पनीहरूले निर्माण गरिरहेका माथिल्लो तामाकोसी (४५६ मेगावाट), मध्य भोटेकोसी (१०२ मेगावाट), रसुवागढी (१११ मेगावाट), सान्जेन (४२ मेगावाट), अर्को सान्जेन (१४.८) गरी ७२५ मेगावाट छन्। निजी क्षेत्रको सूचीमा प्राधिकरणका सहायक कम्पनीहरूलाई एकछिन बिर्सने हो भने निर्माणाधीन खाँटी निजी क्षेत्रका जम्मा एक हजार मेगावाट मात्र छन्।

यीमध्ये पनि वित्तीय व्यवस्थापन भएका तर प्रसारण लाइनको अत्तोपत्तो नभएका कैयन् छन्। अर्थात् 'निर्माणाधीन' को सूचीमा परे पनि प्रसारण लाइन अभावले निर्माणको निश्चितता भने छैन। अर्कोतर्फ, प्राधिकरणसित पीपीए गरी विभिन्न अवस्थामा रहेका आयोजनाका संख्या ४३ वटा (कुल ७०२ मेगावाट) छन्। यीबाहेक पीपीएका विभिन्न चरणमा करिब १४ सय मेगावाटका आयोजना पुगेका छन्। यी तथ्यांक हेर्दा पीपीएको ओइरो लागेको देखिन्छ।

अर्कोतर्फ प्राधिकरणले निजी क्षेत्रको विद्युत् खरिद सम्झौता (पीपीए) गर्न छोडेको दुई वर्ष भइसकेको छ। प्राधिकरणले आफूले चाहे मात्र (टेक एन्ड पे) पीपीए गर्दै आएको छ र यस्तो पीपीए हालसम्म करिब पाँच सय मेगावाट पुगेको छ। 'टेक एन्ड पे' पीपीएका लागि चार हजार मेगावाटबराबरका आयोजनाका निवेदन परेका छन्। तर 'टेक एन्ड पे' पीपीएमा वित्तीय व्यवस्थापन हुँदैन भन्ने कुरा प्राधिकरणलाई पनि थाहा छ र प्रवद्र्धकलाई पनि। थाहा हुँदाहुँदै यस्तो पीपीए हुनुको मुख्य दुई कारण छन्। पहिलो, लाइसेन्सको व्यापार र अर्को लाइसेन्स जोगाउनु।

अहिलेको बजार भाउअनुसार पीपीए भएको जलविद्युत् आयोजनाको लाइसेन्स प्रतिमेगावाट एक करोड रुपैयाँमा किनबेच हुने गर्छ— चाहे त्यो टेक अर पे (लेऊ वा तिर) होस् वा टेक एन्ड पे (चाहेको बेला मात्र लिने र लिएको मात्र तिर्ने)। पीपीए भएको छ भनेर लाइसेन्स देखाउँदा उच्च मूल्य आउँछ।

पीपीए नभएको लाइसेन्सको त्यति मूल्य आउँदैन र यसैको लागि ओइरो लागेको देखिन्छ। पीपीए नभईकन उत्पादन अनुमति पत्र (जेनेरेसन लाइसेन्स) पाइँदैन। हुन त 'कनेक्सन एग्रिमेन्ट' लाई देखाएर पनि उत्पादन अनुमति पत्र प्राप्त हुन्छ।

कनेक्सन एग्रिमेन्ट भएका यस्ता आयोजनाको संख्या २१ वटा छन् र तिनको क्षमता ९५ मेगावाट छ। तर सारमा अधिकांश पीपीएको उद्देश्यचाहिँ लाइसेन्स कारोबार नै हो। केही समयअघिसम्म बैंकहरूले पनि पीपीए भएकै भरमा वित्तीय व्यवस्थापन गरी बस्थे।

आजभोलिचाहिँ केही एकाध बैंकहरूबाहेक अधिकांशले पीपीए भएर पनि उत्पादित बिजुली खेर जाने अवस्था छ कि छैन भनी निक्र्योल नगरी वित्तीय व्यवस्थापन गर्दैनन्।केही बैंकहरू भने प्रवद्र्धकहरूसित मिलोमतो गरी प्रसारण लाइनको टुंगो नभएका आयोजनामा पनि लगानी गरेका छन्।
हामीकहाँ कति बिजुलीलाई कति रकम दिने भन्ने पारदर्शी संयन्त्र छैन। पारदर्शी संयन्त्र र नीति लागू भयो भने विद्युत्मा हुने यस्ता खेलोफड्को समाप्त हुन्छ।
यसरी लगानी गर्नुको एउटै कारण हो-प्रवद्र्धकसित मिलेर सिभिल, इलेक्ट्रो मेकानिकल, हाइड्रो मेकानिकल, प्रसारण लाइन आदि प्याकेजमा अनेक बहाना देखाएर यथार्थ मूल्यभन्दा बढी मूल्यमा 'निर्माण' गराउनु हो। यस्तो कृत्य गर्दा आयोजनाको लागत वृद्धि हुन्छ, तर प्रवद्र्धक र बैंकका केही सञ्चालकहरूको गोजी भने भरिन्छ। सानिमा हाइड्रो गुरप र अपवादमा एकाध आयोजनाबाहेक अधिकांशले निर्धारित लागतमा आयोजना पूरा गरेको देखिँदैन।

यसको एउटै कारण हो, तिनले राखेको हिसाब कतै देखाउनु पर्दैन। अनि प्रतिमेगावाट १५ करोड रुपैयाँ पर्ने आयोजनालाई ३० करोड रुपैयाँ पुग्दा पनि सर्वसाधारणमा सेयर लिनको लागि मारामार हुने गर्छ। सर्वसाधारणमा एउटा भ्रम व्याप्त छ— जलविद्युत् आयोजना भनेकै चिलिमे हो।

चिलिमेको पीपीए दर र वार्षिक मूल्यवृद्धि दर अत्यन्त आकर्षक छ। यसको पीपीए दरकै कारण यसले वर्षमा दुई अर्ब रुपैयाँ नाफा कमाउँछ। तर अन्य आयोजनाहरू भने बन्दाबन्दै प्रवद्र्धकहरूले इ्वाम पारिसकेका हुन्छन्।

उनीहरूले बनाउँदा-बनाउँदै ३० प्रतिशतको स्वपुँजी (इक्विटी) आफूले सित्तैमा हाल्ने मात्र होइन, त्यसका अतिरिक्त गोजीमा थप रकम हाल्छन्। यही कारणले गर्दा जलविद्युत् क्षेत्र आकर्षक भएको हो। तर सर्वसाधारण भने चिलिमेकै शैलीमा सेयरको भाउ बढ्छ भन्ने अन्धविश्वासमा परेका छन्।

अर्कोतर्पm, प्राधिकरणले वार्षिक १० प्रतिशतको दरले मात्र विद्युत् माग बढेको, विद्युत् बजार नभएको, बजार भए पनि प्रसारण लाइन नभएको देखाउँदै 'टेक एन्ड पे' पीपीए गरिरहेको छ। यही पीपीए गर्न पनि प्रवद्र्धकबीच मारामार भइरहेको छ। मन्त्रिपरिषद्बाट पारित र आगामी आर्थिक वर्षको बजेटमा समेत व्यवस्थित भएको 'ऊर्जा संकटकाल निवारण कार्ययोजना' मा ऊर्जा मिश्रणको सीमा तोकिदिएको छ।

२५ देखि ५० प्रतिशत नदी प्रवाही (खोल्साखाल्सी), ५० प्रतिशत जलाशय र बाँकी हावा र सौर्य ऊर्जालाई मि िश्रत गरिएको छ। अब ऊर्जा सीमाअनुसार खोल्साखाल्सीबाट जम्मा तीन सय मेगावाट मात्र बिजुली बाँकी छ-पीपीए गर्न।

सरकारले प्राधिकरणलाई तिमी पीपीए गर, परेको म बेहोर्छु भनेको छैन। राज्यले विद्युत् बजारको ग्यारेन्टी नै बस्नुपर्ने अवस्था छ, तर यो विषयमा संकटकाल कार्ययोजना मौन बसिदिएकाले 'टेक अर पे' पीपीए नहुने अवस्था छ।

अब बिजुली कति चाहिने हो? त्यसको लेखाजोखा गर्न ऊर्जा मन्त्रालय र योजना आयोग लागिपरेको मात्र छ, गरिसकेको छैन। नगरेको अवस्थामा प्राधिकरणले नै भनेको मानिदिनुपर्ने बाध्यता छ। यही बाध्यताबीच जति पनि खेल हुन्छन्, ती अन्धकारमै हुन्छन्।

हाललाई 'टेक एन्ड पे' भए पनि पीपीए गरेर बस्ने, मौका आए स्वदेशी वा विदेशीलाई भिडाउने, भिडाउन नपाए यस्तै नीतिगत तहमा निर्णय गराउने। उदाहरणको लागि जलविद्युत् व्यवसायीलाई साह्रै मर्का पर्यो भन्ने देखाएर प्रतिमेगावाट ५० लाख (भ्याट) फिर्ता गराउने नीतिगत निर्णय गरियो।

व्यवसायीलाई मर्का परेकै हो भने बजेट वक्तव्य र आर्थिक ऐनमा समेत परिसक्दा पनि अहिलेसम्म लिन गएका छैनन्। उनीहरूले पाउन पनि निकै पापड पेल्नुपर्ने अवस्था छ। मह काट्नेले हात चाट्छ भनेजस्तै ऊर्जा र अर्थका पदाधिकारीहरूलाई यसो केही नगरी त्यो रकम पाउनेवाला छैनन्।

यसमा कोही दिएर भए पनि लिनुपर्छ भन्नेमा छन् कोही भने कानुनमै भएको व्यवस्थाको लागि किन दिने भन्ने पनि छन्। किन दिने भन्नेलाई पदाधिकारीहरूले 'उसो भए तिम्रा कागजपत्र सबै बुझाऊ' भनिदिए पनि बाह्रबज्छ। किनभने अधिकांशले गोलमाल गरेर लागत वृद्धि गराएका छन्— उनीहरूले कागजै पेस गर्न सक्दैनन्।

राज्यलाई आन्तरिक खपतको लागि कति बिजुली चाहिने हो, निर्क्योल नगरी बस्नुको कारण अँध्यारोमा गोलमाल गर्न पाइने भएर हो। यति बिजुली चाहिन्छ, यति खोल्साखाल्सी चाहिन्छ, यति जलाशय चाहिन्छ भन्ने नीति छैन। यो नीति बन्यो भने गोलमाल गर्न पाइँदैन।

यति बिजुलीलाई यति रकम दिने भन्ने पारदर्शी संयन्त्र पनि छैन। पारदर्शी संयन्त्र र नीति लागू भयो भने विद्युत्मा हुने यस्ता खेलोफड्को समाप्त हुन्छ। पीपीए गर्दा मन्त्रीदेखि कर्मचारीसम्म खुसी पार्नुपर्ने अवस्था कुनचाहिँ ऊर्जामन्त्रीले हटाउन चाहन्छ?

हावातालमा दस वर्षमा १० हजार मेगावाट बिजुली उत्पादन गर्ने घोषणा पुनः भएको छ। यस्तो घोषणा २०६५ सालमा पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा पनि भएकै हो। घोषणा गर्ने, त्यसअनुसारको व्यवस्था नगर्ने तर जनतालाई बेबकुफ भने बनाइराख्ने।

गोरखापत्र, २०७३/०२/२३

# मध्यमोदीको जलविद्युत् आयोजनाको चार सय मिटर सुरुङ निर्माण

पर्वतस्थित मोदीखोलामा निर्माणाधीन १५ दशमलव १ मेगावाट क्षमताको मध्यमोदी खोला जलविद्युत् आयोजनाको काम तीव्र गतिमा अघि बढेको छ । अघोषित नाकाबन्दीका कारण निर्माण सामग्री ढुवानी अभावमा केही समय प्रभावित बनेको आयोजनाको काम पछिल्लो समयमा धमाधम भइरहेको छ ।

विसं २०७१ फागुनबाट काम सुरु गरेको आयोजनाले अहिले स्थानीयवासीसमक्ष जग्गा खरिद गर्ने काम सँगसँगै टनेल निर्माण कार्यलाई समेत अघि बढाएको छ ।

पर्वतको भुकताङ्ले–१ सेराबेसीमा ड्याम रहने गरी काम सुरु गरेको आयोजनाले दुई हजार आठ सय मिटर टनेल निर्माणमध्ये झन्डै चार सय मिटर सम्पन्न गरिसकेको छ । ड्याम साइड निर्माणतर्फको क्षेत्रलाई पहिलो फेज मानेर सुरुङ निर्माण गरेको आयोजनाले पावर हाउस रहने देउपुरतर्फबाट पनि टनेल निर्माणकार्य अघि बढाउने भएको छ । हिमाल हाइड्रो मुख्य निर्माण कम्पनी रहेको उक्त आयोजनामा अहिले ड्याम रहने क्षेत्र र पावर हाउसतर्फको क्षेत्रमा काम भइरहेको आयोजना प्रमुख हरि देवकोटाले जानकारी दिनुभयो । पर्वतको भुकताङ्ले, देउपुर र तिलाहारसँगै कास्कीको दाङसिङ, सल्यान र लुम्ले गाविसलाई मुख्य प्रभावित गाविसका रुपमा सूचीमा राखेर निर्माण भइरहेको आयोजनाले स्थानीयवासीको सहयोगमा निर्माणकार्यलाई तीव्रता दिएको देवकोटाले जानकारी दिनुभयो ।

कुल रु दुई अर्ब ८० करोड लगानी रहेको उक्त आयोजनामा उद्योगपति विनोद चौथरीको मुख्य लगानी रहेको छ भने आयोजना निर्माणका लागि प्राइम बैंकको नेतृत्वमा अन्य वित्तीय संस्थाले समेत लगानी गरेका छन् । रासस

गोरखापत्र/अभियान, २०७३/०२/२३

# प्रसारण लाइन नबन्दा जताततै समस्या

सरकारले मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि भन्दै दशवर्षे महत्वपूर्ण कार्ययोजना सार्वजनिक गरेपनि प्रमुख समस्याको रुपमा प्रसारण लाइन नै रहेको पाइएको छ ।

नेपाल विद्युत् प्राधिकरण र विभिन्न साझेदार संस्थाले कूल ४५ ओटा प्रसारण लाइन निर्माणको काम गरिरहेको भए पनि कार्यप्रगति सन्तोषजनक नहुँदा थप समस्या निम्तिने भएको छ ।

चिलिमे हव र चिलिमे काठमाडौं प्रसारण लाइन नबन्दा वार्षिक रू. पाँच अर्ब भन्दा बढीको क्षति हुने देखिएको छ । सोलु कोरिडोरमा प्रसारण लाइन नबन्दा रू. एक अर्ब ३५ करोड प्राधिकरणले क्षतिपूर्ति तिर्नुपर्ने भएको छ । मर्स्याङ्दी कोरिडोरमा प्राधिकरणले प्रसारण बनाउन नसकेका कारण सिनो सगरमाथा हाइड्रो आफैँले प्रसारण लाइन बनाइरहेको छ ।

यी त केही प्रतिनिधि परियोजना मात्रै हुन् । जलविद्युत् आयोजना निर्माण भइरहेको भए पनि प्रसारण लाइनको अभावमा कतिपय आयोजनाको विद्युत् खेर जाने भएको छ भने कतिपय आयोजनालाई प्राधिकरणले क्षतिपूर्ति तिर्नुपर्ने देखिएको छ । तर सरकारले ऊर्जा सङ्कटकाल घोषणा गरेर जलविद्युत् क्षेत्रलाई विशेष ध्यान दिन खोजेका भएपनि समस्या घटेको छैन ।

खिम्ती ढल्केबर प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधान हुने दिशामा अगाडि बढेको छ । विगत दशवर्ष भन्दा लामो समय जग्गा प्राप्ति र मुआब्जा वितरणमा देखिएको जटिलताका कारण समस्यामा फस्दै आएको सो प्रसारण लाइन निर्माणका लागि सरकारले पछिल्लो पटक सुरक्षाकर्मी परिचालन गरेको छ ।

जताततै प्रसारण लाइन निर्माणमा समस्या छ । कतै जग्गा प्राप्तिको विषय जटिल बनेको छ त कतै मुआब्जा वितरण प्रक्रिया चक्रब्यूहमा फसेको छ । काठमाडौं–चापागाउँ–भक्तपुर प्रसारण लाइन सबैभन्दा जटिल बनिरहेको छ । हेटौंडा–भरतपुर प्रसारण लाइन वनसँग स्वीकृत लिन नसक्दा लामो समयदेखि अड्किरहेको छ ।

यस्तै, यसअघि निर्माण गरिएका प्रसारण लाइनमा क्षमता नभएका कारण पनि उत्पादित विद्युत् उपभोक्ताको घरसम्म पुर्‍याउन जटिलता पैदा हुँदै आएको छ । विद्युत् उत्पादन, प्रसारण, वितरणलगायतका महत्वपूर्ण काम प्राधिकरणले गर्दै आएका कारण पनि कुन विषय प्रमुख प्राथमिकताका विषय हुन् र कुन होइनन् भन्ने छुट्याउन नसक्दा पनि प्रसारण लाइन निर्माणको विषय ओझेलमा पर्दै आएको हो ।

चिलिमे हवमा निर्माण हुने सवस्टेशन मुआब्जा वितरणका कारण समस्या फस्दै आएको छ । रसुवाको गोल्जुङबेसीमा नोर्बु वाङदीको २४ रोपनी जग्गाको आवश्यक निर्णय हुन नसक्दा रसुवागढी जलविद्युत् आयोजनाले दैनिक रू. एक करोड घाटा खानुपर्ने देखिएको छ । युरोपेली बैङ्क प्रमुख लगानीकर्ता रहेको सो सवस्टेशन र प्रसारण लाइनको काम जग्गा प्राप्ति र मुआब्जा वितरणमा देखिएको समस्याका कारण अगाडि नबढ्दा सान्जेन, तल्लो सान्जेन, रसुवागढी जस्ता महत्वपूर्ण आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिने अवस्था छैन ।

ठेकेदार छनोट प्रक्रियामा नै अल्झिएको सोलु कोरिडोर प्रसारण लाइन बन्न नसक्दा विद्युत् खरीद सम्झौता गरिएका तीनओटा आयोजनालाई वार्षिक रू. एक अर्ब ३५ करोड क्षतिपूर्ति प्राधिकरणले तिर्नुपर्ने देखिन्छ ।

दशवर्ष भन्दा लामो समयदेखि जग्गा प्राप्तिको समस्यामा फसेको थानकोट–चापागाउँ–भक्तपुर प्रसारण लाइनको जटिलता समाधान गर्ने तर्फ सरकारले हालसम्म ध्यान दिन सकेको छैन । प्राधिकरणले चिलिमे हव र प्रसारण लाइन सन् २०२० अगाडि बन्न नसक्ने जानकारी चिलिमे जलविद्युत् कम्पनीलाई गराइसकेको छ ।
आगामी असारमा १४.८ मेगावाट क्षमताको सान्जेन जलविद्युत् आयोजना निर्माण सम्पन्न हुने छ भने सन् २०१८ को अन्त्यसम्म ४२.५ मेगावाट क्षमताको तल्लो सान्जेन निर्माण सम्पन्न हुनेछ । यस्तै सन् २०१८ कै डिसेम्बरसम्म १ सय ११ मेगावाट क्षमताको रसुवागढी सम्पन्न हुनेछ तर प्राधिकरणले हालसम्म प्रसारण लाइन बनाउने तर्फ चासो देखाएको छैन । सान्जेन आयोजनाका प्रमुख गिरिराज अधिकारीले आफूहरुलाई समस्या नै प्रसारण लाइनको रहेको बताउँछन् ।
यस्तै, भूकम्प र नाकाबन्दीको चपेटामा परेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजना आगामी दुई वर्षभित्र पूरा हुने प्रक्षेपण गरिएपनि प्रसारण लाइन निर्माणमा सोचेजति प्रगति हुन सकेको छैन । प्रसारण लाइन र सवस्टेशन नहुँदा भारतबाट मागअनुसारको विद्युत् ल्याउन सकिएको छैन । ढल्केबरमा सवस्टेशन निर्माण सम्पन्न गर्ने तर्फ प्राधिकरण जुन रुपमा लाग्नुपर्ने हो लाग्न सकेको छैन ।
सरकारले आगामी आर्थिक वर्ष प्रसारण लाइन निर्माणलाई प्रमुख प्राथमिकतामा राखेको छ । उपप्रधान एवम् ऊर्जा मन्त्री टोपबहादुर रायमाझी सरकारले प्रमुख प्राथमिकतामा प्रसारण लाइन नै राखेको बताउँछन् । उनले भने, ‘समस्या छन्, त्यसलाई समाधान गर्ने तर्फ सरकार लागेको छ । लामो समयदेखि अल्झदै आएको खिम्ती ढल्केबरको काम शुरु भएको छ । चिलिमे हवका बारेमा त मलाई हालसम्म सम्बन्धित निकायले जानकारी नै गराएको छैन । के भएको रहेछ म बुझेर समस्या समाधान गर्न लाग्छु ।’
सरकारले आगामी आवमा ढल्केबर–काठमाडौं ४ सय  केभी र हेटौंडा– ढल्केबर–इनरुवाको सोही क्षमताको प्रसारण लाइन निर्माण कार्यलाई प्राथमिकतामा राखेको छ । ढल्केबर सवस्टेशनलाई स्तरोन्नति गर्ने कार्य आगामी मङ्सिरभित्र सम्पन्न गर्ने, मेची–महाकाली प्रसारण लाइन, कर्णाली, गण्डकी र कोसी कोरिडोर प्रसारण लाइनको निर्माण कार्यलाई अगाडि बढाउने तथा दुहवी–जोगबनी–पूर्णिया–बर्दघाट, न्यू बुटवल–गोरखपुर– नेपालगञ्ज–लखनऊ र अत्तरिया–बरेली अन्तरदेशीय प्रसारण लाइन निर्माण कार्यलाई पनि प्राथमिकतामा राखिएको छ । *रासस*

अभियान, २०७३/०२/२३

# मध्यमोदी जलविद्युत् आयोजनाको चार सय मिटर सुरुङ निर्माण हुँदै

पर्वतस्थित मोदीखोलामा निर्माणाधीन १५ दशमलव १ मेगावाट क्षमताको मध्यमोदी खोला जलविद्युत् आयोजनाको काम तीव्र गतिमा अघि बढेको छ । अघोषित नाकाबन्दीका कारण निर्माण सामग्री ढुवानी अभावमा केही समय प्रभावित बनेको आयोजनाको काम पछिल्लो समयमा धमाधम भइरहेको छ ।

विसं २०७१ फागुनबाट काम शुरु गरेको आयोजनाले अहिले स्थानीयवासीसमक्ष जग्गा खरीद गर्ने काम सँगसँगै टनेल निर्माण कार्यलाई समेत अघि बढाएको छ ।

पर्वतको भुकताङ्ले–१ सेराबेसीमा ड्याम रहने गरी काम शुरु गरेको आयोजनाले दुई हजार आठ सय मिटर टनेल निर्माणमध्ये झण्डै चार सय मिटर सम्पन्न गरिसकेको छ । ड्याम साइड निर्माणतर्फको क्षेत्रलाई पहिलो फेज मानेर सुरुङ निर्माण गरेको आयोजनाले पावर हाउस रहने देउपुरतर्फबाट पनि टनेल निर्माणकार्य अघि बढाउने भएको छ ।

हिमाल हाइड्रो मुख्य निर्माण कम्पनी रहेको उक्त आयोजनामा अहिले ड्याम रहने क्षेत्र र पावर हाउसतर्फको क्षेत्रमा काम भइरहेको आयोजना प्रमुख हरि देवकोटाले बताए । पर्वतको भुकताङ्ले, देउपुर र तिलाहारसँगै कास्कीको दाङसिङ, सल्यान र लुम्ले गाविसलाई मुख्य प्रभावित गाविसका रूपमा सूचीमा राखेर निर्माण भइरहेको आयोजनाले स्थानीयवासीको सहयोगमा निर्माणकार्यलाई तीव्रता दिएको देवकोटाले बताए ।

कूल रू. दुई अर्ब ८० करोड लगानी रहेको उक्त आयोजनामा उद्योगपति विनोद चौथरीको मुख्य लगानी रहेको छ भने आयोजना निर्माणका लागि प्राइम बैङ्कको नेतृत्वमा अन्य वित्तीय संस्थाले समेत लगानी गरेका छन् । रासस

अभियान, २०७३/०२/२३

# ऊर्जा विकास र सम्भावना

*मुकेश उपाध्याय भट्टराई*

जलविद्युत् विकासको लामो इतिहास बोकेको र प्रचुर सम्भावना भएको मुलुक भए पनि नेपाल विद्युत् विकासमा पिछडिएको छ। ब्रिटिस सरकारको सहयोगमा १९११ सालमा फर्पिङ जलविद्युत् परियोजना स्थापना भएको थियो।

उक्त परियोजना भारतको दार्जिलिङमा सन् १८९७ मा स्थापना भएको सिद्रापोल जलविद्युत् परियोजनापछि एसियाकै दोस्रो जलविद्युत् परियोजना थियो। सय वर्षभन्दा लामो जलविद्युत् विकासको इतिहास बोकेको र जलस्रोतमा धनी राष्ट्र भए पनि हामीले किन पर्याप्त मात्रामा ऊर्जाको उत्पादन गर्न सकेनौँ त?

यसको समीक्षा गरी विगतका कमीकमजोरी औँल्याउँदै त्यसलाई सुधार गरी भविष्य उज्यालो बनाउनेतर्फ अग्रसर भएनौँ भने हामी अँध्यारोमै रहन बाध्य हुनेछौँ।
जलस्रोतमा ब्राजिलपछिको दोस्रो धनी राष्ट्र भएर पनि जलविद्युत् विकासमा पछि पर्नुमा यस क्षेत्रमा हुने चरम राजनीतिका साथै अदूरदर्शिता, नीतिनियमको अस्पष्टता, सम्बन्धित मन्त्रालयबीच समन्वय अभाव, कर्मचारीतन्त्रमा व्याप्त ढिलासुस्ती, नीतिगत भ्रष्टाचार, वित्तीय स्रोत र साधन अभाव, दृढ इच्छाशक्तिलगायतका कारण हुन्।

नेपालको पिक समयमा विद्युत्को माग १३५० मेगावाट रहे पनि हाल साना-ठूला विद्युत् परियोजनाबाट लगभग ४९४ मेगावाट र भारतबाट लगभग २९० मेगावाट गरी कुल ७८४ मेगावाट विद्युत् उपलब्ध हुँदै आएको छ भने रन अफ रिभरमा आधारित परियोजनाबाट बर्खायाममा केही मात्रामा बढी विद्युत् उपलब्ध भई लोडसेडिङमा केही न्यूनीकरण हुने गरेको छ।

देश विकासको मेरुदण्डका रूपमा रहेका उद्योग, कलकारखानालगायतका क्षेत्रको विकास तबमात्र सम्भव हुन्छ जब देशमा प्रचुर मात्रामा ऊर्जाको उपलब्धता हुन्छ। ऊर्जाविना कुनै पनि क्षेत्रको विकासको कल्पना गर्न सकिँदैन। विकसित राष्ट्रहरूले ऊर्जा उत्पादनको लागि विभिन्न विकल्प अपनाए पनि त्यस्ता विकल्प महँगो पर्ने हुनाले हाम्रो पहुँचभन्दा बाहिर रहँदै आएका छन्।

भौगोलिक बनावट, सीमित स्रोतसाधन, दक्ष जनशक्तिलगायत ऊर्जा विकास परियोजना निर्माणका लागि चाहिने आर्थिक अभावमा हामी अहिले पनि असीमित लोडसेडिङ खेप्न बाध्य छौँ। हाम्रा धेरैजसो परियोजना रन अफ रिभरमा आधारित भएकाले वर्षायामको तुलनामा सुक्खायाममा चरम लोडसेडिङ हुने गरेको छ। ऊर्जा निर्यातको सम्भावना बोकेको हाम्रो मुलुक वर्तमान अवस्थामा आयात गर्न बाध्य छ।

ऊर्जाको अभावकै कारण एकातर्फ उद्योग, कलकारखाना महँगो मूल्य तिरेको आयातित इन्धनबाट उत्पादन गर्न बाध्य छन् भने अर्कोतर्फ उत्पादन तुलनात्मक रूपमा महँगो हुन पुगेको छ। प्रतिस्पर्धी बजारमा आफ्नो उत्पादन

महँगो भएकै कारणले हाम्रा उद्योगहरू प्रतिस्पर्धा गर्न सकिरहेका छैनन्, परिणामस्वरूप उद्योग व्यवसाय ऊर्जा अभावमा रुग्ण भई बन्द हुने क्रममा रहेका छन्। ऊर्जाको अभावकै कारण उद्योगहरू उत्पादन कटौती गर्न बाध्य छन्। परिणामस्वरूप राजस्व संकलनमा समेत कमी आइरहेको छ।

जलविद्युत् विकासका लागि बाधक रहेको राजनीतिक अस्थिरता, सुशासनको अभाव, बारम्बार परिवर्तन हुने सरकार, सम्बन्धित सरकारी निकायबीच समन्वय अभाव, प्रक्रियागत जटिलता, स्थानीय जनताबाट राखिने विभिन्न माग र सरकारसँगै बदलिने जलविद्युत् नीति पनि विद्युत् विकासको बाधक हुँदै आएका छन्।

त्यसैगरी ऊर्जा विकासको लागि वैदेशिक लगानीकर्ता आकर्षित गर्न र त्यसअनुरूपको नीति ल्याउन नसक्नु, एकद्वार प्रणाली अवलम्बन गर्न नसक्नु राज्यको कमजोरी हो। राज्यले ऊर्जा विकासको लागि कतिपय नीति बनाए पनि कार्यान्वयन तहसम्म आइपुग्दा फितलो हुनाले पनि लगानीकर्ता आकर्षित हुनुको सट्टा लगानीबाट विमुख भएका छन्।

केही समययता जलविद्युत् क्षेत्र विकासको लागि केही उपलब्धिमूलक कार्य हुँदै आएका छन्। निर्माणका क्रममा रहेका माथिल्लो तामाकोसी, तनहुँ विद्युत् परियोजना, चमेलिया, कुलेखानी तेस्रो, माथिल्लो त्रिशूली ३ ए, राहुघाट, माथिल्लो सेन्जेन, सेन्जेन, रसुवागढी, मध्यभोटेकोसी, माथिल्लो त्रिशूली ३ बी, निर्माणाधीन विद्युत् परियोजना हुन त्यस्तै प्रस्तावितमा माथिल्लो अरुण, माथिल्लो मोदी, दूधकोसीलगायतका केही परियोजना छन्। सबै कुरा अनुकूल भए र लगानीको वातावरण जुटे र राजनीतिक एवं स्थानीय स्तरमा कुनै अवरोध नभए केही वर्षमा हामीले आशातित विद्युत् प्राप्त गर्नेछौँ।

गत १८ औँ सार्क सम्मेलनमा सदस्य राष्ट्रहरूबीच विद्युत् सम्झौतामा हस्ताक्षर भएको थियो। सार्क राष्ट्रबीच भएको ऊर्जा सम्झौतासँगै सार्क राष्ट्रका व्यक्ति तथा कम्पनीले एकअर्काको देशमा विद्युत् उत्पादन र बिक्रीवितरण गर्न पाउनुको साथै विद्युत्लाई वस्तुका रूपमा व्याख्या गरेको हुनाले आगामी दिनमा अन्य सरसमानजस्तै एक देशमा उत्पादित विद्युत् अर्को देशमा बिक्री गर्न पाउने खुला भएको हो।

हाम्रोजस्तो विद्युत्को प्रचुर सम्भावना बोकेको राष्ट्रलाई त्यस सम्झौताबाट दीर्घकालीन रूपमा फाइदा पुग्ने देखिए तापनि विद्युत् उत्पादनका साथै बिक्रीवितरणको लागि आवश्यक पर्ने अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न वित्तीय व्यवस्थापन गर्नु चुनौतीपूर्ण छ। विगतमा नेपालमा उत्पादित विद्युत् खरिद गर्न बंगलादेशले चासो देखाएको भए तापनि बंगलादेशलाई विद्युत् बिक्री गर्न आवश्यक ट्रान्समिसन लाइनलगायत त्रिपक्षीय सहमति नहुनाले त्यो सम्भव भएको थिएन।

इन्धनको लागि धनी मानिएका खाडी मुलुकहरूले आफूसँग प्रचुर मात्रामा भएको इन्धन बिक्रीवितरण गरी राष्ट्रिय विकासमा महत्वपूर्ण योगदान पुर्याउँदै सम्पन्न राष्ट्र हुन सक्छन् भने मुलुकमा भएको अपार जलसम्पदाको उपयोग गर्दै सम्पन्न राष्ट्रको दाँजोमा हामी पनि किन नउभिने ?

विद्युत् विकासको लागि वित्तीय व्यवस्थापन गर्न आन्तरिक स्रोतसाधनले नभ्याउने भएकाले राष्ट्रहितलाई ध्यानमा राख्दै वैदेशिक सहयोग जुटाउनु अति आवश्यक छ। वैदेशिक सहयोग जुटाउनुपूर्व हामीले राष्ट्रिय सहमति

गरी विद्युत् विकासको दौरान कुनै अवरोध आएमा त्यसलाई सर्वमान्य सिद्धान्तका आधारमा मिलाउने संयन्त्र निर्माण गर्नुपर्छ, अन्यथा कागजी सम्झौता गरेर कार्यान्वयनमा नजाने हो भने जतिसुकै राम्रो सम्झौता गरे पनि राष्ट्रिय ऊर्जा विकास सपना मात्र हुनेछ।

नेपाल सरकारद्वारा आर्थिक वर्ष २०७३÷७४ का लागि प्रस्तुत बजेटमा १२ सय मेगावाट क्षमताको बूढीगण्डकी जलाशययुक्त आयोजना प्रारम्भ गर्न यस वर्ष पाँच अर्ब ३३ करोड विनियोजन गर्नु सकारात्मक कदम भए पनि विद्युत् विकासका क्रममा हुने चरम राजनीतिले उक्त परियोजना अछूतो रहला भन्न सकिँदैन। देशले भोगिरहेको ऊर्जा अभावलाई समाधान गर्ने हो भने हामीले ठूला परियोजनामा लगानी गरी निर्माण गर्नुको विकल्प छैन।

त्यसैगरी यसै आर्थिक वर्षको बजेट भाषणमा चमेलिया र कुलेखानी तेस्रो आयोजना एक वर्षभित्रमा र माथिल्लो तामाकोसी, माथिल्लो तामाकोसी ३ ए आयोजना दुई वर्षभित्र सक्ने लक्ष्य लिए तापनि यसअघिका सरकारले निर्धारण गरेको लक्ष्यअनुरूप समयमा विद्युत् आयोजना सम्पन्न नभएका धेरै उदाहरण छन्। तसर्थ सरकारद्वारा निर्धारित लक्ष्यमा काम सम्पन्न गर्न चुस्त-दुरुस्त अनुगमनको व्यवस्था कायम गरी समयमै काम सक्ने वातावरण सिर्जना गर्न दण्ड र पुरस्कारको व्यवस्था गरिनुपर्छ।
**मुलुकमा भएको अपार जलसम्पदाको उपयोग गर्दै सम्पन्न राष्ट्रको दाँजोमा हामी पनि किन नउभिने ?**

बजेट वक्तव्यमै आगामी १० वर्षभित्र नदी बहावमा आधारित ६ हजार मेगावाट जलविद्युत् उत्पादन गर्नेजस्ता घोषणा यसअघिका सरकारले पनि नलिएका होइनन्। लक्ष्य घोषणा गर्दैमा लक्ष्यमा पुग्न सकिँदैन भन्ने प्रशस्त उदाहरण यसअघि पनि देखिएकाले विगतमा केकस्ता कारणले लक्ष्य पूरा हुन सकेनन्, सरकारले गम्भीर मूल्यांकन गरी जलविद्युत् विकासमा देखिएका समस्यालाई तत्काल निर्मूल गरी जलविद्युत्मा लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्छ।

हाल प्राप्त ऊर्जाको समुचित व्यवस्थापन नभएकै कारण पनि हामीले आवश्यकभन्दा बढी समय लोडसेडिङ भोग्नुपरेको छ। लोडसेडिङको अवस्था र उपलब्ध विद्युत्को समुचित व्यवस्थापनका क्षेत्रमा न सरकारलाई न त सम्बन्धित निकायलाई नै खासै चासो र चिन्ता छ।

विद्युत् चुहावटको अवस्था भयावह भए पनि चुहावट नियन्त्रणको लागि यसअघि प्रयास नभएको भने होइन। सरकार, निजी क्षेत्र र आम नागरिकको हातेमालोले मात्रै चुहावट नियन्त्रण सफल हुने भएकाले त्यसका लागि त्रिपक्षीय प्रतिबद्धता महत्वपूर्ण छ।

यस क्षेत्रका उद्योग, कलकारखानाले खपत गरिरहेको विद्युत्लाई कसरी समुचित व्यवस्थापन गरी हाल प्राप्त विद्युत्बाट बढीभन्दा बढी उत्पादन गर्न सकिन्छ भन्ने उद्देश्य लिई उद्योग संगठन मोरङले नेपाल उद्योग वाणिज्य महासंघ, ऊर्जा दक्षता केन्द्र र जीआईजेडको सहयोगमा संगठनमा ऊर्जा सेल स्थापना गरेको छ।

उद्योगहरूले खपत गरिरहेको विद्युत्को अडिट गरी खेर गइरहेको ऊर्जाको व्यवस्थापन एवं नियन्त्रण गरी उद्योगले बढीभन्दा बढी लाभ उठाउन सकून् भनी उद्योगहरूको मागअनुसार विदेशी परामर्शदाताहरूको सहयोगमा इनर्जी अडिट गरिँदै आएको छ। इनर्जी सेललाई उद्योगबाट अडिट गर्न प्राप्त निवेदनको आधारमा सेलले

सम्बन्धित उद्योगबाट ऊर्जासम्बन्धी केही तथ्यांक संकलन गरी तत्पश्चात् खेर गइरहेको ऊर्जालाई आधुनिक यन्त्रको माध्यमबाट अडिट गरी नियन्त्रणका उपायबारे उद्योग व्यवस्थापन र सम्बन्धित कर्मचारीहरूलाई जानकारी गराई तथा लिखित प्रतिवेदन दिने गरिएको छ।

यस क्षेत्रका केही ठूला उद्योगले इनर्जी सेलबाट ऊर्जा अडिट गराई आर्थिक लाभ उठाउनसमेत सफल भएकाले वर्तमान समयमा हाम्रो मुलुकमा उपलब्ध विद्युत्को अवस्थालाई दृष्टिगत गर्दै इनर्जी अडिट र प्राप्त ऊर्जाको समुचित व्यवस्थापन गर्न सके केही मात्रामा भए पनि विद्युत् बचत भई इन्धन आयातको लागि खर्च गर्नु परिरहेको वैदेशिक मुद्रा बचत भई व्यापार घाटा कम गर्नसमेत मद्दत पुग्नेछ।

गोरखापत्र, २०७३/०२/२४

# पञ्चेश्वर आयोजनाको डिपिआर समयमै नसकिने

नेपाल र भारतको सीमा नदी महाकालीमा निर्माण हुने पञ्चेश्वर बहुउद्देश्यीय जलविद्युत् आयोजनाको विस्तृत आयोजना प्रतिवेदन ९डिपिआर०को अध्ययन कार्य सम्पन्न गर्न अझै केही समय लाग्ने भएको छ ।

गत फागुन २१ गते सम्पन्न भएको गभर्निङ काउन्सिल ९सचिवस्तरीय० को बैठकले आयोजनाको डिपिआरको अध्ययन कार्य आगामी असार १५ सम्म सक्ने सहमति गरेको थियो ।

आयोजनाले डिपिआर अध्ययनका लागि ऊर्जा मन्त्रालय र भारतको जलस्रोत मन्त्रालयलाई उपलब्ध गराएको भए पनि हालसम्म कुनै प्रतिक्रिया प्राप्त हुन सकेको छैन ।

सचिवस्तरीय बैठकले आयोजना द्रुत रुपमा अगाडि बढाउने सहमति गरेको भए पनि डिपिआर अध्ययनमै समय लागेका कारण परियोजना अगाडि बढाउन अझै केही समय लाग्ने देखिएको हो ।

पञ्चेश्वर जलविद्युत् आयोजनाका प्रमुख कार्यकारी अधिकृत महेन्द्रबहादुर गुरुङले दुवै मुलुकको सरोकार भएको मन्त्रालयलाई बुझाइएको डिपिआरको विषयमा आवश्यक सुझाव छिट्टै प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

सचिवस्तरीय बैठकले विस्तृत परियोजना प्रतिवेदन शीघ्र स्वीकृत गरेर कार्यान्वयनमा जाने निर्णय गरेको भए पनि सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको बजेट वक्तव्यमा पञ्चेश्वरको विषयमा कुनै पनि विषय उल्लेख गरिएको छैन ।

वापकोसले सो परियोजनाको डिपिआर तयार पारेको छ । सचिवस्तरीय बैठकमा केही विषयहरु थप गर्नुपर्ने विषयमा चर्चा भएको थियो । सोही चर्चाका आधारमा केही विषय थप गर्न दुवै मुलुकका मन्त्रालयलाई आग्रह गरिएको थियो ।

सचिवस्तरीय बैठकले पारित गरेको कार्यक्रम कार्यान्वयन हुने चरणमा रहेको जानकारी दिँदै प्रमुख कार्यकारी अधिकृत गुरुङले उच्चस्तरीय पञ्चेश्वर विकास प्राधिकरणको संरचनासमेत तयार भएको जानकारी दिनुभयो । तर स्वीकृत संरचनामा नेपालको तर्फबाट थप गर्नुपर्ने कर्मचारीको विषयमा निर्णय हुन सकेको छैन । स्वीकृत ५५ जनाको दरबन्दीमा ३० जना उच्च कार्यकारी तहका कर्मचारी र २५ जना सहायक तहका कर्मचारीमा दुवै मुलुकका समान कर्मचारी रहने छन् । तर नेपालले हालसम्म कर्मचारी उपलब्ध गराउन सकेको छैन ।

उच्च तहमा निर्देशक, उपनिर्देशक र सहायक निर्देशक रहने व्यवस्था रहेको छ । कर्मचारी खुला प्रतिस्पर्धाका आधारमा छनोट गरिने बताइएको भए पनि प्रक्रिया अगाडि बढ्न सकेको छैन ।

ऊर्जा मन्त्रालयले डिपिआरको अध्ययन तथा मूल्याङ्कनका लागि जल तथा ऊर्जा आयोगलाई जिम्मा दिएको छ ।

“आयोगले अध्ययन गरिरहेको होला,” ऊर्जा मन्त्रालयका सहायक प्रवक्ता गोकर्णराज पन्थले भन्नुभयो – “तोकिएको समयमा नै अध्ययनको कार्य सम्पन्न गर्नुपर्छ र हुन्छ भन्नेमा मन्त्रालय प्रतिबद्ध छ ।”

उहाँले एक महिना पहिले नै आयोगलाई अध्ययनका लागि पठाएको जानकारी दिनुभयो । तर आयोगका सहसचिव केशवध्वज अधिकारीले भने अध्ययन गर्न समिति गठन गर्नेसम्बन्धी प्रारम्भिक छलफल भएको भए पनि अन्य विषयमा आफू जानकार नभएको बताउनुभयो ।

कार्यकारी निर्देशक गुरुङका अनुसार लामो समयदेखि आयोजनाका सम्बन्धमा रहेको अन्योलता अन्त्य भएको र आयोजना अगाडि बढ्ने विश्वास पैदा भए पनि डिपिआरको अध्ययन सम्पन्न नहुँदासम्म यसै भन्न सक्ने अवस्था नरहेको बताउनुभयो ।

सचिवस्तरीय बैठकले सन् २०१६ का लागि रु ५० करोड बजेट पारित गरेको थियो । डिपिआरको अध्ययनपछि पुनः दुवै मुलुकका सचिवस्तरीय बैठकको आयोजना गरिनेछ ।

कुल छ हजार ६९० मेगावाट विद्युत् उत्पादन गर्ने र नेपालतर्फ कञ्चनपुर र भारतको केही भू–भागमा समेत सिँचाइ सुविधा उपलब्ध गराउने सो आयोजना विगत २३ वर्षदेखि अगाडि बढ्न सकेको थिएन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणपछि सो आयोजनाले गति लिएको हो ।

पञ्चेश्वर उच्च बाँध तथा रुपालीगाड रिरेगुलेटिङ बाँध आयोजनाको गरी जम्मा लगानी रु तीन खर्ब ३६ अर्ब लाग्ने बताइएको छ । सो परियोजनामा नेपालले करिब रु एक खर्ब ३० अर्बसम्म लगानी गर्नुपर्ने बताइन्छ ।

आयोजनाबाट नेपालले वार्षिक रु ३४ अर्ब ५० करोड प्राप्त गर्ने छ भने मत्स्यपालन, कार्बन व्यापार, सिँचाइ तथा पर्यटन, जडीबुटी र फलफूलमा उल्लेख्य आम्दानी गर्न सकिन्छ ।

भीमदत्तनगरमा कार्यालय स्थापना हुँदै

कार्यकारी निर्देशक गुरुङले आगामी असार १५ सम्म भीमदत्तनगरमा आयोजनाको कार्यालय स्थापना गर्ने तयारी गरिएको जानकारी दिनुभयो । संयुक्त सचिवस्तरीय बैठकको निर्णयअनुसार नै कार्यालय स्थापना गरेर आयोजना अगाडि बढाउने तयारी गरिएको उहाँले जानकारी दिनुभयो ।

काठमाडौँमा कार्यालय राखेर काम गर्दा कार्यसम्पादनमा असर परेको भन्दै सचिवस्तरीय बैठकले आयोजनास्थलमै कार्यालय स्थापना गर्ने निर्णय गरेको थियो । रासस

नागरीक, २०७३/०२/२४

# विद्युत् उत्पादनमा अाधा दर्जन निकाय, काम शून्य

*लक्ष्मण वियोगी*

जलविद्युत् आयोजना निर्माणमा आधा दर्जन सरकारी निकाय र निजी क्षेत्र समन्वयविनै सक्रिय हुँदा उत्पादन कार्य प्रभावित बनेको छ । उत्पादन, प्रसारण र वितरणको काम पाएको नेपाल विद्युत् प्राधिकरणलाई सक्षम बनाउनु साटो धमाधम उस्तै प्रकृतिका निकाय खडा गरिँदा कार्यक्षेत्र नै अन्योलग्रस्त छ ।

चर्को राजनीतिक हस्तक्षेपले प्राधिकरण भने झन् धराशायी हुँदै छ । सरकारले उत्पादन, प्रसारण र वितरण गर्ने छुट्टाछुट्टै कम्पनी खोल्ने जनाए पनि अहिलेसम्म काम थालेको छैन न त प्राधिकरण पुनःसंरचना नै गरिएको छ । सरकारको यस्तै कार्यशैलीले तीन वर्षमा विद्युत् संकट निमिट्यान्न पार्ने लक्ष्य पूरा नहुने निश्चित छ । 'आफूखुसी खोलाको अनुमति लिने हो भने विद्युत् ऐन, जलविद्युत् विकासनीतिलगायत सम्बन्धित कानुनको औचित्य छैन,' प्राधिकरणका एक अधिकारीले बताए ।

सरकारले तीन वर्षभित्र विद्युत् संकट निमिट्यान्न पार्दै दस वर्षमा दस हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य राखेको छ । प्रक्रियागत समस्या फुकाएर सहजीकरण गर्नुपर्नेमा विद्यमान नियम–कानुन र निकाय नै विद्युत उत्पादनमा बाधक बनेका छन् ।

प्राधिकरणबाहेक विद्युत् विकास विभाग, जलविद्युत् लगानी तथा विकास कम्पनी र जलाशय आयोजना बनाउन गठित 'बूढीगण्डकी जलाशय विकास समिति' र 'नलसिंहगाढ जलाशय विकास समिति' विद्युत् उत्पादनमा सक्रिय छन् । यस्तै, प्राधिकरणका सहायक कम्पनी र निजी क्षेत्रले पनि काम गरिरहेका छन् ।

'लामो समयदेखि बजेट, योजना तथा कार्यक्रम छर्ने प्रवृत्ति त्यसको कार्यान्वयन गर्ने निकायमा पनि दोहोरिएको छ,' प्राधिकरण योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालयका कामु उपकार्यकारी निर्देशक राजिव शर्माले भने, 'विद्युत् उत्पादन गर्ने जिम्मेवार निकायबारे अन्योल भएपछि आयोजना बन्न सक्दैनन् ।'

संकटको बहानामा जथाभाबी संरचना बनाउने र राजनीतिक भर्तीकेन्द्र बनाउने काम मात्र भइरहेको शर्माले बताए । समन्वय गरेर कामको निर्देशन दिन नसक्दा ऊर्जा मन्त्रालय मातहतका निकाय नै बेलगामजस्तै छन् । यसो हुँदा बजेट, आयोजनाको प्राथमिकता र लक्ष्यसमेत छरपस्ट देखिएका छन् । यही कार्यशैलीले तीन वर्षमा संकट हटाउने लक्ष्य पूरा नहुने मन्त्रालयकै अधिकारी तर्क गर्छन् ।

बूढीगण्डकी र नलसिंहगाढ द्रुत गतिमा बनाउने भन्दै २०६९ मा तत्कालीन प्रधानमन्त्री बाबुराम

भट्टराईले प्राधिकरणबाट खोसेर विकास समितिमा ल्याएका थिए । ती आयोजनाको काम सुरु हुनुभन्दा विवाद बढ्दै गएको छ । दुई समिति र जलविद्युत् कम्पनीले मन्त्रालयको प्रत्यक्ष निगरानीमा काम गर्छन् तर यिनलाई मन्त्रालयले समन्वय गर्न सकेको छैन । प्राधिकरण टुक्र्याएर उत्पादन गर्ने एकल निकाय बनाउने सरकारी योजना लामो समयदेखि रोकिँदा समस्या जटिल भएको संसद्को कृषि तथा जलस्रोत समितिका सभापति गगन थापाले बताए ।

'धेरैपटक मन्त्रालयलाई उत्पादन कम्पनी बनाउन निर्देशन दिएको हो, सरकारको बजेट तथा कार्यक्रममा पनि घोषणा हुँदै आएको छ,' उनले नागरिकसँग भने, 'काम गर्ने सरकारी शैलीले बजेट, आयोजना तथा कार्यान्वयन गर्ने निकाय छरपस्ट छन् ।' उत्पादन कम्पनी बने मात्र काम दोहोरिने र आफूखुसी योजना बनाउने परिपाटीमा कमी आउने उनले बताए ।

विद्युत् उत्पादन गर्ने एकल निकाय हुँदा आयोजना छनोट एवं अध्ययन र निर्माणमा सरकारले प्राथमिकता दिन सक्छ । यसो हुँदा जलविद्युत आयोजनाबाट सरकारले पर्याप्त मुनाफासमेत कमाउन सक्ने थापाको भनाइ छ । छुट्टै कम्पनी नहुँदासम्म जथाभाबी आयोजना बनाउने समस्या यथावत् रहने देखिन्छ ।

२०६८ मा गोकर्ण विष्ट ऊर्जामन्त्री हुँदा ठूला आयोजनामा लगानी जुटाउनकै लागि जलविद्युत् कम्पनी खोलिएको थियो, यसले अहिले ७१.५ मेगावाटको घुन्सा र ५३.७ मेगावाटको सिम्बुवा खोला निर्माण गर्न प्रक्रिया अघि बढाएको छ । तर, विभागले डेढ वर्षदेखि कम्पनीलाई अध्ययन अनुमतिपत्र दिएको छैन ।

अनुमतिपत्र बाँड्ने, नदी बेसिन अध्ययन गर्ने, निर्माणाधीन र सञ्चालित आयोजना अनुगमन गर्ने जिम्मेवारी पाएको विभागले पनि आयोजना बनाउन काम सुरु गरेको छ । विभागले अछामस्थित २० मेगावाटको बूढीगंगा आयोजना निर्माण अघि बढाएको छ ।

विभागका इन्जिनियरको क्षमता बढाउन मात्र यसको निर्माण अघि बढाइएको जल तथा ऊर्जा आयोगको सचिवालयका सहसचिव केशवध्वज अधिकारीले बताए । 'जलाशय आयोजना प्राधिकरण तथा निजी क्षेत्रले बनाउन सक्दैनन्, सरकारले बनाउने भन्दै बूढीगण्डकी र नलसिंहगाढ निर्माण गर्न विकास समिति बनाइएको हो,' उनले भने, 'तर समितिले पनि लक्षित काम गर्ने सम्भावना देखिएको छैन ।'

अधिकारीका अनुसार २०५८ मा बनेको जलविद्युत् विकासनीतिले यो क्षेत्र सुधारको योजना ल्याएको थियो । मन्त्रालयले त्यति बेलै विद्युत् ऐन र विद्युत् नियमन आयोगको खाका तयार गरेको थियो तर राजनीतिक दलपिच्छेका अडान र विचारका कारण पारित हुन नसकेको उनले बताए ।

'१५ वर्षसम्म ऐन र नीति आउन सकेन, प्राधिकरणको खण्डीकरण र यी दुई कानुन नबन्दासम्म अहिलेको

अवस्था फेरिँदैन,' उनले शनिबार नागरिकसँग भने, 'विद्युत उत्पादन गर्ने स्वायत्त निकायको विकल्प देखिँदैन, सरकार चलाउने राजनीतिक नेतृत्वले बुझ्न जरुरी छ ।' मन्त्रालयले ऐन र नियमन आयोगको मस्यौदा २०६५ मै तयार गरेर संसदमा पेस गरेको थियो तर संशोधन गर्न भन्दै फर्काइएपछि अहिलेसम्म त्यत्तिकै छ ।

प्राधिकरण टुक्रिएपछि मात्र विद्युत् उत्पादनको एकल निकाय बन्ने र प्राथमिकताअनुसार आयोजना निर्माण हुन सक्ने संसद्को विकास समिति सभापति रवीन्द्र अधिकारीले बताए । 'उत्पादन, प्रसारण र वितरणको भार अब प्राधिकरणलाई मात्र बोकाएर हुँदैन, छुट्टाछुट्टै कम्पनी बन्नुपर्छ,' उनले भने, 'राजनीतिक अस्थिरता र छिटोछिटो सरकार फेरिँदा पनि कम्पनी बन्न सकेको छैन ।'

निर्माण हुने, निर्माण भइरहेका र अध्ययन भएका सबै आयोजना उत्पादन कम्पनीबाट बनाउन सजिलो हुने अधिकारीको धारणा छ । 'होल्डिङ कम्पनी बनेपछि त्यहीँबाट जुन मोडलमा आवश्यक हुन्छ त्यहीअनुसार बनाउन सकिन्छ,' उनले थपे, 'सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडल, नयाँ कम्पनी वा अन्य जुनसुकै मोडलमा बनाउन सकिन्छ ।'

विद्युत् उत्पादन, प्रसारण र वितरणको जिम्मा पाएको प्राधिकरणले १ सय ३६ मेगावाटका चार आयोजना बनाइरहेको छ । यस्तै, यसका सहायक तीन (चिलिमे, तनहुँ हाइड्रो र अप्पर तामाकोसी) कम्पनीले १ हजार ३ सय २२ मेगावाटका आयोजना बनाइरहेका छन् ।

विद्युत् ऐन, २०४९ जारी भएपछि निजी क्षेत्रले अहिलेसम्म ३ सय मेगावाटका आयोजना बनाइसकेका छन् भने २ हजार ३ सय ४३ मेगावाटका आयोजना निर्माणाधीन छन् । मन्त्रालयअन्तर्गतका तीन, प्राधिकरण तथा यसका सहायक कम्पनी र निजी क्षेत्र गरी आधा दर्जन कम्पनीले विद्युत् उत्पादनका काम गर्दा समस्या गाँठो पर्दै गएको छ ।

अन्नपूर्ण पोष्ट, २०७३/०२/२४

# ऊर्जा विकास र सम्भावना

*मुकेश उपाध्याय भट्टराई*

जलविद्युत् विकासको लामो इतिहास बोकेको र प्रचुर सम्भावना भएको मुलुक भए पनि नेपाल विद्युत् विकासमा पिछडिएको छ। ब्रिटिस सरकारको सहयोगमा १९११ सालमा फर्पिङ जलविद्युत् परियोजना स्थापना भएको थियो।

उक्त परियोजना भारतको दार्जिलिङमा सन् १८९७ मा स्थापना भएको सिद्रापोल जलविद्युत् परियोजनापछि एसियाकै दोस्रो जलविद्युत् परियोजना थियो। सय वर्षभन्दा लामो जलविद्युत् विकासको इतिहास बोकेको र जलस्रोतमा धनी राष्ट्र भए पनि हामीले किन पर्याप्त मात्रामा ऊर्जाको उत्पादन गर्न सकेनौँ त?

यसको समीक्षा गरी विगतका कमीकमजोरी औँल्याउँदै त्यसलाई सुधार गरी भविष्य उज्यालो बनाउनेतर्फ अग्रसर भएनौँ भने हामी अँध्यारोमै रहन बाध्य हुनेछौँ।
जलस्रोतमा ब्राजिलपछिको दोस्रो धनी राष्ट्र भएर पनि जलविद्युत् विकासमा पछि पर्नुमा यस क्षेत्रमा हुने चरम राजनीतिका साथै अदूरदर्शिता, नीतिनियमको अस्पष्टता, सम्बन्धित मन्त्रालयबीच समन्वय अभाव, कर्मचारीतन्त्रमा व्याप्त ढिलासुस्ती, नीतिगत भ्रष्टाचार, वित्तीय स्रोत र साधन अभाव, दृढ इच्छाशक्तिलगायतका कारण हुन्।

नेपालको पिक समयमा विद्युत्को माग १३५० मेगावाट रहे पनि हाल साना-ठूला विद्युत् परियोजनाबाट लगभग ४९४ मेगावाट र भारतबाट लगभग २९० मेगावाट गरी कुल ७८४ मेगावाट विद्युत् उपलब्ध हुँदै आएको छ भने रन अफ रिभरमा आधारित परियोजनाबाट बर्खायाममा केही मात्रामा बढी विद्युत् उपलब्ध भई लोडसेडिङमा केही न्यूनीकरण हुने गरेको छ।

देश विकासको मेरुदण्डका रूपमा रहेका उद्योग, कलकारखानालगायतका क्षेत्रको विकास तबमात्र सम्भव हुन्छ जब देशमा प्रचुर मात्रामा ऊर्जाको उपलब्धता हुन्छ। ऊर्जाविना कुनै पनि क्षेत्रको विकासको कल्पना गर्न सकिँदैन। विकसित राष्ट्रहरूले ऊर्जा उत्पादनको लागि विभिन्न विकल्प अपनाए पनि त्यस्ता विकल्प महँगो पर्ने हुनाले हाम्रो पहुँचभन्दा बाहिर रहँदै आएका छन्।

भौगोलिक बनावट, सीमित स्रोतसाधन, दक्ष जनशक्तिलगायत ऊर्जा विकास परियोजना निर्माणका लागि चाहिने आर्थिक अभावमा हामी अहिले पनि असीमित लोडसेडिङ खेप्न बाध्य छौँ। हाम्रा धेरैजसो परियोजना रन अफ रिभरमा आधारित भएकाले वर्षायामको तुलनामा सुक्खायाममा चरम लोडसेडिङ हुने गरेको छ। ऊर्जा निर्यातको सम्भावना बोकेको हाम्रो मुलुक वर्तमान अवस्थामा आयात गर्न बाध्य छ।

ऊर्जाको अभावकै कारण एकातर्फ उद्योग, कलकारखाना महँगो मूल्य तिरेको आयातित इन्धनबाट उत्पादन गर्न बाध्य छन् भने अर्कोतर्फ उत्पादन तुलनात्मक रूपमा महँगो हुन पुगेको छ। प्रतिस्पर्धी बजारमा आफ्नो उत्पादन

महँगो भएकै कारणले हाम्रा उद्योगहरू प्रतिस्पर्धा गर्न सकिरहेका छैनन्, परिणामस्वरूप उद्योग व्यवसाय ऊर्जा अभावमा रुग्ण भई बन्द हुने क्रममा रहेका छन्। ऊर्जाको अभावकै कारण उद्योगहरू उत्पादन कटौती गर्न बाध्य छन्। परिणामस्वरूप राजस्व संकलनमा समेत कमी आइरहेको छ।

जलविद्युत् विकासका लागि बाधक रहेको राजनीतिक अस्थिरता, सुशासनको अभाव, बारम्बार परिवर्तन हुने सरकार, सम्बन्धित सरकारी निकायबीच समन्वय अभाव, प्रक्रियागत जटिलता, स्थानीय जनताबाट राखिने विभिन्न माग र सरकारसँगै बदलिने जलविद्युत् नीति पनि विद्युत् विकासको बाधक हुँदै आएका छन्।

त्यसैगरी ऊर्जा विकासको लागि वैदेशिक लगानीकर्ता आकर्षित गर्न र त्यसअनुरूपको नीति ल्याउन नसक्नु, एकद्वार प्रणाली अवलम्बन गर्न नसक्नु राज्यको कमजोरी हो। राज्यले ऊर्जा विकासको लागि कतिपय नीति बनाए पनि कार्यान्वयन तहसम्म आइपुग्दा फितलो हुनाले पनि लगानीकर्ता आकर्षित हुनुको सट्टा लगानीबाट विमुख भएका छन्।

केही समययता जलविद्युत् क्षेत्र विकासको लागि केही उपलब्धिमूलक कार्य हुँदै आएका छन्। निर्माणका क्रममा रहेका माथिल्लो तामाकोसी, तनहुँ विद्युत् परियोजना, चमेलिया, कुलेखानी तेस्रो, माथिल्लो त्रिशूली ३ ए, राहुघाट, माथिल्लो सेन्जेन, सेन्जेन, रसुवागढी, मध्यभोटेकोसी, माथिल्लो त्रिशूली ३ बी, निर्माणाधीन विद्युत् परियोजना हुन त्यस्तै प्रस्तावितमा माथिल्लो अरुण, माथिल्लो मोदी, दूधकोसीलगायतका केही परियोजना छन्। सबै कुरा अनुकूल भए र लगानीको वातावरण जुटे र राजनीतिक एवं स्थानीय स्तरमा कुनै अवरोध नभए केही वर्षमा हामीले आशातित विद्युत् प्राप्त गर्नेछौँ।

गत १८ औँ सार्क सम्मेलनमा सदस्य राष्ट्रहरूबीच विद्युत् सम्झौतामा हस्ताक्षर भएको थियो। सार्क राष्ट्रबीच भएको ऊर्जा सम्झौतासँगै सार्क राष्ट्रका व्यक्ति तथा कम्पनीले एकअर्काको देशमा विद्युत् उत्पादन र बिक्रीवितरण गर्न पाउनुको साथै विद्युत्लाई वस्तुका रूपमा व्याख्या गरेको हुनाले आगामी दिनमा अन्य सरसमानजस्तै एक देशमा उत्पादित विद्युत् अर्को देशमा बिक्री गर्न पाउने खुला भएको हो।

हाम्रोजस्तो विद्युत्को प्रचुर सम्भावना बोकेको राष्ट्रलाई त्यस सम्झौताबाट दीर्घकालीन रूपमा फाइदा पुग्ने देखिए तापनि विद्युत् उत्पादनका साथै बिक्रीवितरणको लागि आवश्यक पर्ने अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न वित्तीय व्यवस्थापन गर्नु चुनौतीपूर्ण छ। विगतमा नेपालमा उत्पादित विद्युत् खरिद गर्न बंगलादेशले चासो देखाएको भए तापनि बंगलादेशलाई विद्युत् बिक्री गर्न आवश्यक ट्रान्समिसन लाइनलगायत त्रिपक्षीय सहमति नहुनाले त्यो सम्भव भएको थिएन।

इन्धनको लागि धनी मानिएका खाडी मुलुकहरूले आफूसँग प्रचुर मात्रामा भएको इन्धन बिक्रीवितरण गरी राष्ट्रिय विकासमा महत्वपूर्ण योगदान पुर्याउँदै सम्पन्न राष्ट्र हुन सक्छन् भने मुलुकमा भएको अपार जलसम्पदाको उपयोग गर्दै सम्पन्न राष्ट्रको दाँजोमा हामी पनि किन नउभिने ?

विद्युत् विकासको लागि वित्तीय व्यवस्थापन गर्न आन्तरिक स्रोतसाधनले नभ्याउने भएकाले राष्ट्रहितलाई ध्यानमा राख्दै वैदेशिक सहयोग जुटाउनु अति आवश्यक छ। वैदेशिक सहयोग जुटाउनुपूर्व हामीले राष्ट्रिय सहमति

गरी विद्युत् विकासको दौरान कुनै अवरोध आएमा त्यसलाई सर्वमान्य सिद्धान्तका आधारमा मिलाउने संयन्त्र निर्माण गर्नुपर्छ, अन्यथा कागजी सम्झौता गरेर कार्यान्वयनमा नजाने हो भने जतिसुकै राम्रो सम्झौता गरे पनि राष्ट्रिय ऊर्जा विकास सपना मात्र हुनेछ।

नेपाल सरकारद्वारा आर्थिक वर्ष २०७३÷७४ का लागि प्रस्तुत बजेटमा १२ सय मेगावाट क्षमताको बूढीगण्डकी जलाशययुक्त आयोजना प्रारम्भ गर्न यस वर्ष पाँच अर्ब ३३ करोड विनियोजन गर्नु सकारात्मक कदम भए पनि विद्युत् विकासका क्रममा हुने चरम राजनीतिले उक्त परियोजना अछूतो रहला भन्न सकिँदैन। देशले भोगिरहेको ऊर्जा अभावलाई समाधान गर्ने हो भने हामीले ठूला परियोजनामा लगानी गरी निर्माण गर्नुको विकल्प छैन।

त्यसैगरी यसै आर्थिक वर्षको बजेट भाषणमा चमेलिया र कुलेखानी तेस्रो आयोजना एक वर्षभित्रमा र माथिल्लो तामाकोसी, माथिल्लो तामाकोसी ३ ए आयोजना दुई वर्षभित्र सक्ने लक्ष्य लिए तापनि यसअघिका सरकारले निर्धारण गरेको लक्ष्यअनुरूप समयमा विद्युत् आयोजना सम्पन्न नभएका धेरै उदाहरण छन्। तसर्थ सरकारद्वारा निर्धारित लक्ष्यमा काम सम्पन्न गर्न चुस्त-दुरुस्त अनुगमनको व्यवस्था कायम गरी समयमै काम सक्ने वातावरण सिर्जना गर्न दण्ड र पुरस्कारको व्यवस्था गरिनुपर्छ।

**मुलुकमा भएको अपार जलसम्पदाको उपयोग गर्दै सम्पन्न राष्ट्रको दाँजोमा हामी पनि किन नउभिने ?**

बजेट वक्तव्यमै आगामी १० वर्षभित्र नदी बहावमा आधारित ६ हजार मेगावाट जलविद्युत् उत्पादन गर्नेजस्ता घोषणा यसअघिका सरकारले पनि नलिएका होइनन्। लक्ष्य घोषणा गर्दैमा लक्ष्यमा पुग्न सकिँदैन भन्ने प्रशस्त उदाहरण यसअघि पनि देखिएकाले विगतमा केकस्ता कारणले लक्ष्य पूरा हुन सकेनन्, सरकारले गम्भीर मूल्यांकन गरी जलविद्युत् विकासमा देखिएका समस्यालाई तत्काल निर्मूल गरी जलविद्युत्मा लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्छ।

हाल प्राप्त ऊर्जाको समुचित व्यवस्थापन नभएकै कारण पनि हामीले आवश्यकभन्दा बढी समय लोडसेडिङ भोग्नुपरेको छ। लोडसेडिङको अवस्था र उपलब्ध विद्युत्को समुचित व्यवस्थापनका क्षेत्रमा न सरकारलाई न त सम्बन्धित निकायलाई नै खासै चासो र चिन्ता छ।

विद्युत् चुहावटको अवस्था भयावह भए पनि चुहावट नियन्त्रणको लागि यसअघि प्रयास नभएको भने होइन। सरकार, निजी क्षेत्र र आम नागरिकको हातेमालोले मात्रै चुहावट नियन्त्रण सफल हुने भएकाले त्यसका लागि त्रिपक्षीय प्रतिबद्धता महत्वपूर्ण छ।

यस क्षेत्रका उद्योग, कलकारखानाले खपत गरिरहेको विद्युत्लाई कसरी समुचित व्यवस्थापन गरी हाल प्राप्त विद्युत्बाट बढीभन्दा बढी उत्पादन गर्न सकिन्छ भन्ने उद्देश्य लिई उद्योग संगठन मोरङले नेपाल उद्योग वाणिज्य महासंघ, ऊर्जा दक्षता केन्द्र र जीआईजेडको सहयोगमा संगठनमा ऊर्जा सेल स्थापना गरेको छ।

उद्योगहरूले खपत गरिरहेको विद्युत्को अडिट गरी खेर गइरहेको ऊर्जाको व्यवस्थापन एवं नियन्त्रण गरी उद्योगले बढीभन्दा बढी लाभ उठाउन सकून् भनी उद्योगहरूको मागअनुसार विदेशी परामर्शदाताहरूको सहयोगमा इनर्जी अडिट गरिँदै आएको छ। इनर्जी सेललाई उद्योगबाट अडिट गर्न प्राप्त निवेदनको आधारमा सेलले

सम्बन्धित उद्योगबाट ऊर्जासम्बन्धी केही तथ्यांक संकलन गरी तत्पश्चात् खेर गइरहेको ऊर्जालाई आधुनिक यन्त्रको माध्यमबाट अडिट गरी नियन्त्रणका उपायबारे उद्योग व्यवस्थापन र सम्बन्धित कर्मचारीहरूलाई जानकारी गराई तथा लिखित प्रतिवेदन दिने गरिएको छ।

यस क्षेत्रका केही ठूला उद्योगले इनर्जी सेलबाट ऊर्जा अडिट गराई आर्थिक लाभ उठाउनसमेत सफल भएकाले वर्तमान समयमा हाम्रो मुलुकमा उपलब्ध विद्युत्को अवस्थालाई दृष्टिगत गर्दै इनर्जी अडिट र प्राप्त ऊर्जाको समुचित व्यवस्थापन गर्न सके केही मात्रामा भए पनि विद्युत् बचत भई इन्धन आयातको लागि खर्च गर्नु परिरहेको वैदेशिक मुद्रा बचत भई व्यापार घाटा कम गर्नसमेत मद्दत पुग्नेछ।

**भट्टराई उद्योग संगठन मोरङका प्रथम उपाध्यक्ष हुन्।**

अन्नपुर्ण पोष्ट, २०७३/०२/२४

# माथिल्लो तामाकोसी आयोजना ०७४ भित्रै पूरा हुने

*सुवास योन्जन*

स्वदेशी लगानीमा निर्माण भइरहेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको निर्माण २०७४ भित्र पूरा हुने भएको छ।

द्रुत गतिमा काम भइरहेको तामाकोसी आयोजना भूकम्प र नाकाबन्दीका कारण एक वर्ष ढिला सम्पन्न हुने भएको हो। आयोजनाको निर्माण अवधि लम्बिएसँगै लागत पनि बढ्ने आयोजनाले जनाएको छ।

दोलखाको लामाबगरमा निर्माण भइरहेको चार सय ५६ मेगावाट विद्युत् क्षमता भएको आयोजना सुरुमा २०७३ सालमा सम्पन्न गर्ने बताइएको थियो। आयोजनाका प्रवक्ता गणेश न्यौपानेले ०७३ पुस महिनामा काम सम्पन्न् गरी उत्पादनमा लाग्ने योजनाको साथ अघि बढिरहेको बेला आएको भूकम्प र नाकाबन्दीका कारण एक वर्ष ढिलाइ भएको बताए।

उनले तामाकोसी आयोजनाको काम तीव्र रूपमा अघि बढिरहेको भन्दै कुनै पनि विपत्ती नआईपरेमा निर्धारित समयमा काम सम्पन्न गर्ने बताए। उनले ३५ अर्बमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिए पनि निर्माण सम्पन्न हुँदासम्म ५० अर्ब पुग्ने अनुमान गरिएको जानकारी दिए। आयोजनाको काम हालसम्म ७९ प्रतिशत सम्पन्न भइसकेको छ।

प्रवक्ता न्यौपानेले हाल लामाबगरमा रहेको ड्यामको काम बाहेक अरु सबै काम सुचारु भइरहेको बताए। लामाबगर पुग्ने बाटोमा भूकम्पसँगै आएको पहिरो नरोकिएका कारण काभ्रे भीरबाट लामाबगरको मौरेखोलासम्म तीन सय ६० मिटर लामो सुरुङ निर्माण गर्न लागिएको बताए।

सुरुङ निर्माणका लागि करिब ११ करोड रुपैयाँ लाग्ने बताउँदै तीन महिना भित्रमा काम सम्पन्न गर्ने जानकारी समेत दिए। सुरुङ निर्माणको काम आयोजनाको मुख्य ठेकेदार कम्पन्नी सिनोहाइड्रोले गरिरहेको बताए।

यस्तै गोगर खोलाको प्रोटेक्सन, पावरहाउस, ट्रेलरेसको गेट बनाउने काम अघि बढिरहेको बताए। न्यौपानेले आयोजनाको परामर्शदाता पनि आयोजना स्थलमा आउन लागेको बताउँदै कामलाई तीव्रता दिईरहेको जनाएका छन्।

यस्तै हाल लट १ अन्तरगत सिनोहाइड्रोले सुरुङ ,सडक र विद्युत् गृहको काम भइरहेको, लट २ अन्तरगत टेक्स म्याको नामक इन्डियन कम्पनी हाइड्रोमेकानिकले पेनस्टक को पाइप ढुवानी गरिरहेको, लट ३ अन्तरगत एन्ड्रिज हाइड्रो अस्ट्रियन कम्पनीले इलेक्ट्रोमेकानिकल, पावरहाउसको काम भइरहेको छ।

यस्तै लट ४ अन्तरगत इन्डियन ठेकेदार कम्पन्नीले पनि ट्रासमिसन लाइनको काम गरिरहेको जनाएको छ। हालसम्म एक सय २७ वटा टावर मध्ये ८२ वटाको फाउन्डेसन गरिएको र ४२ वटा टावर निर्माण भइसकेको आयोजनाको भनाइ छ।

कान्तिपुर, २०७३/०२/२४

# उत्तरगंगा जलविद्युत्को काम थाल्न माग

*लालप्रसाद शर्मा*

प्रस्तावित ३ सय मेगावाट क्षमताको जलाशययुक्त उत्तरगंगा जलविद्युत् आयोजना निर्माण सुरु गर्न स्थानीयले माग गरेका छन् ।

सरकारले हालै सार्वजनिक गरेको बजेटमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पार्न जलविद्युत् कम्पनी स्थापना गर्ने जनाएपछि खुसी भएका स्थानीयले काममा ढिलाइ गर्न नहुने बताएका हुन् ।

आयोजनाले विकट ढोरपाटन क्षेत्रकै विकास हुनेमा स्थानीय विश्वस्त छन । साथै कृत्रिम ताल र ढोरपाटन सिकार आरक्षमा पर्यटकीय चहलपहल बढ्ने र आरक्षको संरक्षणमा सहयोग पुग्नेमा उनीहरू ढुक्क छन् ।

'आयोजनाको काम छिटो थाल्नुपर्ने हाम्रो माग छ,' वोवाङ गाविसका पूर्व अध्यक्ष शेरमान घर्तिले भने, 'इन्जिनियरीङ, वातावरणीय र अन्य आवस्यक सर्वेका काम सकेर छिटो निर्माण प्रक्रिया अघि बढाउनु पर्‍यो ।'

जलविद्युत आयोजना सरोकार समितिका सल्लाहकारसमेत रहेका उनले आयोजना बनेमा खेतीपाती र पशुपालनले व्यावसायिक रूप लिने बताए । स्थानीय र सरकारको संयुक्त लगानीमा आयोजना बनाउने बजेटमा उल्लेख गरेको छ ।

उत्तरगंगा (ढोरखोला), काङखोला र भुजी खोलाको पानीलाई ढोरपाटनको समथर भूभागमा विशाल ताल बनाएर बिजुली निकालिनेछ । यसका लागि विस्तृत अध्ययन भइरहेको छ । निसी र बोवाङको सिमाना गाभामा बाँध हालेर खासमुर र काङको बीचमा सुरुङ मार्फत निसी १ को मसाल गाउँमा विद्युत्गृह बनाउने योजनामा छ ।

वर्षयाम र हिमपातको पानीसमेत संकलन गरी ३ सयभन्दा बढी मेगावाट बिजुली निकाल्न सकिनेतर्फ पनि अध्ययन भइरहेको र पानीको मात्रा नाप्ने काम पनि जारी छ । आयोजना बन्ने खबरले यस क्षेत्रको जग्गाको भाउ बढिरहेको छ ।

ताल बनेपछि ५ सयदेखि ६ सयसम्म घर डुबानमा पर्ने घर्तीले बताए । अहिले ढोरपाटन क्षेत्रमा जग्गा किनबेच र घर निर्माण अत्यधिक बढेको छ । यसले पनि समयमै जग्गा अधिग्रहण गरेमा आयोजनाका लागि सहज हुने स्थानीय अगुवा बताउँछन् ।

स्थानीयलाई मर्का नपर्ने गरी मुआब्जा र सेयरसमेत दिनुपर्ने माग स्थानीयको छ । बोबाङ माविका प्रधानाध्यापक यामबहादुर कायतले मुआब्जासँगै स्थानीयलाई सेयर पनि दिनुपर्ने बताए ।

नेपाल समाचारपत्र, २०७३/०२/२५

## नलसिंह गाढको अनियमितता प्रकरणमा नयाँ तथ्य सार्वजनिक

राष्ट्रिय महत्वको ४१० मेगावाट क्षमताको नलसिंह गाढ जलाशयुक्त जलविद्युत् आयोजनाको परामर्शदाता छनोटका क्रममा भएको अनियमितता सम्बन्धी नयाँ तथ्य सार्वजनिक भएको छ। उक्त परियोजनाको फिजिबिलिटी स्टडी, डिटेल इन्जिनियरिङ सर्भे एन्ड डिजाइन र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनका लागि परामर्शदाता छनोट गर्ने क्रममा कम रकम बोलकबोल गरेको कम्पनीलाई नदिएर बढी रकम कबोल गर्ने कम्पनीलाई ठेक्का दिँदा कस्तो–कस्तो हथकन्डा प्रयोग गरियो भन्ने सम्बन्धमा नयाँ तथ्य सार्वजनिक भएको हो।
परामर्शदाता छनोटका क्रममा अनियमितता भएको धन्दै प्रधानमन्त्री कार्यालय र व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिमा उजुरी परेपछि प्रधानमन्त्री कार्यालयले ऊर्जा मन्त्रालयलाई छानविन गर्न दिएको निर्देशन बमोजिम गठित छानविन समितिले उजुरीकर्ताले दाबी गरेको तथ्यका बारेमा केही नबोले पनि परामर्शदाताको प्रस्ताव मूल्यांकनमा त्रुटी र अनियमितता भएको तथ्य उजागर गरेको छ। जसमा परामर्शदातालाई रखिएको शर्तमा सम्पन्न आयोजनालाई मात्र मूल्यांकनमा समावेश गर्नुपर्नेमा सम्पन्न नै नभएको पाकिस्तानस्थित बसहा डिमर ड्याम एचपी आयोजनालाई आधार मानेर स्मेक जेभीलाई १ दशमलब २ अंक दिइएको उल्लेख छ।
त्यस्तै आफ्नै देशमा कम्तिमा डेढ किलोमिटर क्षेत्रफलमा रिसिभर एरिया भएको कम्तिमा २ सय मिटर उचाई ड्याम भएको जलशाययुक्त जलविद्युत् आयोजना वा जलस्रोतसम्बन्धी आयोजनाको वातावरणीय तथा सामाजिक प्रभाव मूल्यांकनको अनुभव हुनुपर्ने र त्यस्तो अनुभव भएकालाई २ नम्बर र नभएकालाई शून्य अंक दिने स्पष्ट भए पनि स्मेक जेभीले एड्ड्रेसेड इन्भाइरोमेन्टर इन्प्याक्ट एस्सिमेन्ट एक्सपेक्ट गरेको कागजात पेस गरे छ। जुन शर्त अनुसारको ईआईए नभएर त्यसको एउटा हिस्सा मात्र भएकाले त्यसलाई पूर्ण अंक दिनु गलत भएको बताइएको छ। यसै गरी मूल्यांकनमा समावेश गरिएको आयोजनाको वातावरणीय प्रभाव मूल्यांकनको कार्य प्रारम्भ नै भएको छैन। हाल सो आयोजनाको स्कोपिङ सम्बन्धी कागजात तयारी गर्ने चरणमा रहेको छ। सो कार्यका लागि ठेक्का सम्झौता ६ अगस्ट २०१४ मा भई सो मितिले दुई वर्षमा उक्त आयोजनाको स्कोपिङ कागजात तयार गर्ने लक्ष्य रहेको छ। तर, सो ठेक्का पाएको एक वर्ष पनि पूरा नहुँदै २५ जुन २०१५ मा स्मेक जेभीले नलसिंह गाढमा प्रस्ताव पेस गरेको तथ्य खुलासा भएको छ।
साथै स्मेक जेभीले प्रस्ताव गरेको विज्ञहरूको नाममा पनि हचुवाको भरमा अंक दिइएको छ। जसमा कस्ट इन्जिनियरका लागि १० मेगावाटभन्दा ठूला कम्तिमा दुई वटा आयोजना ा काम गरेको हुनुपर्ने भए पनि शर्तअनुसारको अनभुव नपुगेका मीनबहादुर रानाभाटका सम्बन्धमा शून्य दशमलब १६५ दिइएको छ। ल्यान्ड युजर प्लानरको हकमा पनि सोही बराबरको अंक दिइएको छ। जबकी स्मेक जेभीले अर्वान प्लानिङको योग्यता भएका रमेश सिग्देलको विवरण प्रस्तावमा पेश गरेको छ।
यस्तै सिनियर सर्भे माग भएकोमा मास्टर इन ल्यान्ड सर्भे योग्यता भएका पूर्णप्रसाद ओलीलाई इन्जिनियरिङ सर्भे मानेर शून्य दशमलब १६५ बारबरकै अंक दिइएको छ। पुरात्वविद्को विषयमा पनि फरक विधाका व्यक्ति मानवशास्त्री डा.ऋषिकेशवराज पाण्डेको विवरण पेस गरी सोही अंक प्रदान गरिएको छ। पुरातत्वविद् र मावशास्त्री फरक विधा भए पनि छनोट गर्दा एउटै मान्नु रोचक छ।

उल्लेखित बुँदाहरूका कारण आयोजनाको प्राविधिक प्रस्तावमा अनियमितता भएको स्पष्ट देखिन्छ। तर, त्यसलाई सच्चाउन नलसिंङ गाढ जलविद्‌युत्‌ आयोजना विकास समितिलाई निर्देशन दिनुपर्नेमा छानविन समिति मौन बसेको छ। उजुरीकर्ताको दाबीका सम्बन्धमा छानविन समिति मौन बसेको हुँदा छानविन समितिको प्रतिवेदन अपुरो रहेको विज्ञहरूको भनाइ छ। साथै छानविन समिति विभागस्तरीय भएकाले छानविनलाई स्वच्छ एवम्‌ स्वतन्त्रतपूर्वक बनाउन संसदको लेखा समितिले नै विज्ञ राखेर छानविन गरी परामर्शदाता छनोटमा भएको अनियमितता रोक्नुपर्ने जानाकारहरू बताउँछन्‌।

जाजरकोट जिल्लामा निर्माण गरिने उक्त परियोजनाको परार्शदाता छनोट गर्न स्विटजरल्यान्डको एएफ कन्सल्ट कम्पनीसँगको साझेदारीमा नेपाली कम्पनीहरू एनईएसएस र हाइड्रो कन्सल्ट इन्जिनियरिङ कम्पनी तथा अस्ट्रेलियाली कम्पनी स्मेकसँगको साझेदारीमा अमेरिकन कम्पनी एमडब्लूएच इन्टरनेसनल र नेपालको उदय कन्सल्टेन्सी अन्तिम प्रतिस्पर्धामा रहेका थिए।

एएफ कन्सल्ट कम्पनीको नेतृत्वमा रहेका परार्शदाता कम्पनीले कबुल गरेको रकमभन्दा ३३ करोडभन्दा बढी कबुल गर्ने स्मेकलाई परामर्शदाताको ठेक्का दिइएको छ। नेपाल समाचारपत्रलाई प्राप्त जानकारीअनुसार एएफ कन्सल्टले उल्लेखित कामका लागि कूल ८३ करोड ६५ लाख ६६ हजार २ सय ३५ रुपियाँ कबुल गरेको थियो भने स्मेकले १ अर्ब १९ करोड ९१ लाख ५६ हजार ८ सय ३२ रुपियाँ ८१ पैसा कबुल गरेको थियो।

प्रतिस्पर्धी कम्पनीभन्दा ३३ करोड २५ लाख ९० हजार ५ सय ९९ रुपियाँ बढी कबोल गर्ने कम्पनीलाई ठेक्का दिइएको छ। एकातिर बढी कबोल गर्ने कम्पनीलाई ठेक्का दिने तथा अर्कोतर्फ ठेक्का प्राप्त गरेको कम्पनीले पेस गरेका कागजात पनि फर्जी भएकाले परामर्शदाता छनोटमा अनियमिता भएको प्रष्ट हुन्छ।

अभियान, २०७३/०२/२६

# म्याग्दी खोला जलविधुत् आयोजनाको विवाद सुलिटयो

*२५ मेगावाटकोे आयोजना छिट्टै सञ्चालन हुने*

*निरुता शर्मा*

म्याग्दी । पश्चिम म्याग्दीको दरवाङमा निर्माण हुने भनिएको २५ मेगावाट क्षमताको म्याग्दी खोला जलविद्युत् आयोजनाको विवाद समाधान भएको छ । कालिका हाइड्रो कम्पनी लिमिटेडले निर्माण अनुमति पाएको सो आयोजना प्रभावित क्षेत्रका ६ गाविसका बासिन्दाको असन्तुष्टिका कारण लामो समयदेखि विवादमा रहेको थियो ।

आइतवार म्याग्दी खोला जल उपयोग सरोकार समिति र कालिका हाइड्रो कम्पनीको संयुक्त आयोजनामा भएको सूचनामूलक कार्यक्रममा सरोकारवालाबीच लामो छलफलपछि विवाद समाधान भई निर्माण प्रक्रिया अघि बढाउने सहमति भएको हो ।

म्याग्दीका सांसदद्वय नवराज शर्मा र रेशमबहादुर बानियाँसहित राजनीतिक दलका प्रतिनिधि, कालिका हाइड्रोका सञ्चालक, म्याग्दी खोला जल उपयोग सरोकार समितिका सदस्य, स्थानीय बासिन्दा र प्रभावित क्षेत्रका बासिन्दाहरू सहभागी भेलामा म्याग्दी खोला जलविद्युत् आयोजनाको सञ्चालन विधि, आयोजनाबाट स्थानीयले पाउने सुविधा, यसको निर्माण प्रक्रिया र शेयरको बारेमा सहमति भएपछि आयोजना अघि बढ्ने भएको हो ।

निजीक्षेत्रको सम्पूर्ण लगानीमा निर्माण हुने सो आयोजनामा प्रभावित क्षेत्रका ६ गाविसका जनताले धेरै लगानी गर्न पाउनुपर्ने मागसहित विवाद उत्पन्न भएपछि आयोजनाको काम अघि बढ्न सकेको थिएन । कानूनी रूपमा नै यस्ता जलविद्युत् आयोजना सञ्चालन हुँदा स्थानीयले १० प्रतिशत शेयर लगानी गर्न पाउनुपर्ने नीतिगत व्यवस्था रहेको छ । तर, निजीक्षेत्रबाट सञ्चालन हुन लागेको सो आयोजनामा प्रभावित क्षेत्रका बासिन्दाले बढी लगानी गर्न पाउनु उनीहरूको अधिकार भएको र कम्पनीले यस विषयमा स्थानीयलाई बेवास्ता गरेको भन्ने आरोप लाग्दै आएको थियो ।

‘धेरै लामो समयसम्मको संवाद र छलफलपछि आयोजनाले गति लिने भएको छ,’ म्याग्दी उद्योग वाणिज्य सङ्घका द्वितीय उपाध्यक्ष सुबिन श्रेष्ठले भने, ‘विवाद समाधान भयो, अब छिट्टै आयोजनाले गति लिनेछ ।’

विद्युत् प्राधिकरणबाट लाइसेन्स लिई पीपीए सम्झौतासमेत भइसकेको सो आयोजना निर्माण प्रक्रियामा प्रवेश गरिसकेपछि स्थानीयको असन्तुष्टिका कारण निर्माण कार्य अघि बढ्न सकेको थिएन ।

अभियान, २०७३/०२/२७

# विद्युत् सुविधा पाएपछि १ सय १ घरधुरी लाभान्वित

म्याग्दीको बरङ्जा–९ धापुङमा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तार भएपछि यहाँका स्थानीय दङ्ग भएका छन् । विद्युत् सुविधा भएपछि सहजै बत्ती बाल्न, टेलिभिजन हेर्न, मोबाइल, ल्यापटप चार्ज गर्न, कम्प्युटर चलाउन पाउँदा गाउँले दङ्ग भएका छन् । त्यहाँका बासिन्दाले सौर्य ऊर्जा, टुकी र दियालो प्रयोग गर्दै आएका थिए । रू. ३५ लाख ३६ हजार लागतमा सम्पन्न विद्युतीकरण योजनाबाट बरङ्जा–९ मा पर्ने धापुङ र महेशगाउँका एकसय एक  घरधुरी लाभान्वित भएको हो । नेपाल विद्युत् प्राधिकरण र जिविसको दश दश लाख, गाविसको सात लाख ५९ हजार र उपभोक्ताको रू.  आठ लाख आठ हजार लगानीमा आयोजना निर्माण भएको उपभोक्ता समितिका अध्यक्ष मनबहादुर चोचाङ्गीले बताए । *रासस*

राजधानी दैनिक, २०७३/०२/२७

# ऊर्जा मन्त्रालयले सम्झौता उल्लंघन गरेको आरोप

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले ऊर्जा मन्त्रालयले आफू नियुक्त हुँदा गरिएको सम्झौता उल्लंघन गरेर कार्य सम्पादन मूल्यांकन गरेको आरोप लगाएका छन् । ऊर्जा मन्त्रालयद्वारा गठित मूल्यांकन समितिले कार्य सम्पादन मूल्यांकनमा असफल देखाएपछि त्यसको पुनरावलोकन गराउन मन्त्रालयलाई पत्र पठाउँदै काफ्लेले मूल्यांकन वस्तुनिष्ठ÷व्यावहारिक नभई पूर्वाग्रही भएको उल्लेख गरेका छन् । कार्यकारी निर्देशक सफल हुनका लागि कार्य सम्पादन मूल्यांकनमा ५० प्रतिशत ल्याउनुपर्नेमा काफ्लेलाई समितिले ४४ दशमलव ३५ प्रतिशत मात्र नम्बर दिएको छ । उनले पत्रमा स्वतन्त्र रूपमा कार्यकारी निर्देशकलाई काम गर्ने अवसर दिनुपर्नेमा नदिएको, ऊर्जा मन्त्रालयले आफूलाई मन्त्रालयमा हाजिर गराउनेजस्ता कार्य गरेर वातावरण बिथोली मन्त्रालय र आफूबीच भएको कार्य सम्पादनसम्बन्धी सम्झौतालाई तोडेको जस्ता आरोप लगाएका छन् ।

पुनरावलोकनका लागि पठाएको पत्रमा सम्झौताविपरीत मन्त्रालयले अर्को व्यवस्था नभएसम्मका लागि भन्दै हाजिर गराउने निर्णयसँगै सम्झौता उल्लंघन गरेको आरोप लगाइएको छ । त्यस्तै, १५ असोजदेखि ९ पुस २०७२ सम्म मन्त्रालयले कार्यकारी निर्देशककै स्वीकार नगरेको, सञ्चालक समितिको बैठकसमेत बस्ने वातावरण नभएको अवस्थालाई बेवास्ता गरेको तथा कार्य सम्पादक मूल्यांकन सम्झौताको पालना नगरी १२ कात्तिक २०७२ सम्मको कार्य सम्पादन मूल्यांक परस्पर विवादित, एकपक्षीय र अविश्वसनीय हुँदा मूल्यांकन खारेजभागी भएको पत्रमा उल्लेख छ । विभिन्न आयोजनाको अनुगमन, विद्युत् चुहावट नियन्त्रण, आयोजनाको अध्ययन तथा निर्माण समाप्ति, संस्थागत सुदृढीकरण आदि विषयको प्रगति हासिल गर्ने सन्दर्भमा भूकम्पको बाबजुद सन्तोषजनक प्रगति हासिल भएकामा तोकिए बमोजिमको प्रगति नभएको भनी न्यून तथा शून्य अंक प्रदान गरिएको समितिको मूल्यांकन प्रतिवेदन करारीय मान्यता, अभ्यास र मूल्यांकन मापदण्डविपरीत रहेको उनले उल्लेख गरेका छन् । उनले भूकम्प लगायतको अवस्थालाई दृष्टिगत नगरी गरिएको मूल्यांकन अव्यावहारिक, अन्यायपूर्ण र पूर्वाग्रही भएको उल्लेख गरेका छन् ।

कार्य सम्पादनप्रति १५ बुँदे सहमति सहितको पत्र लेखेका काफ्लेले आफूले भूकम्पले उत्पन्न प्रतिकूल परिस्थितिका बाबजुत गरिएको कार्यको निष्पक्ष र स्वतन्त्र कार्य सम्पादन मूल्यांकन भएमा आफूले ८१ दशमलव ५५ प्रतिशत प्राप्त हुने दाबी गरेका छन् । पहिलो तीन महिनाको प्रतिवेदन आफूले समयमै बुझाए पनि त्यसको विस्तृत गृहकार्य र प्रतिकृया सहितको सुझाव समयमै उपलब्ध नगराई तोकिएको अवधिभित्र जानकारी दिनुपर्नेमा नदिएको तथा प्रकृया पूरा नगरी दूषित मनसायले ७ महिनापछि पुनः सेवाबाट हटाउने उद्देश्यका साथ गरिएको न्यून मूल्यांकन प्रतिवेदन सहितको पत्र बदरभागी भएको उल्लेख छ । पत्रमा आफ्नोसमेत सहमतिमा सम्झौताको दफा ९ मा भएको व्यवस्थाअनुसार मन्त्रीपरिषद्बाट स्वतन्त्र समूह गठन गरी कार्य सम्पादन मूल्यांकन पुनरावलोकन गर्ने माग गरिएको छ ।

उनले विद्युत् प्राधिकरण सञ्चालक समितिको निर्णयबाट अधिकांश काम अघि बढ्ने उल्लेख गर्दै बैठक नभएको विषयलाई कुनै ख्याल नगरिएको जिकिरसमेत पत्रमा गरेका छन् । मन्त्रालय र प्राधिकरण बीचको विभिन्न कारण देखाएर १० भदौ २०७२ देखि २० माघ २०७२ सम्म प्राधिकरण बोर्ड बैठक बस्न सकेको थिएन ।
कार्यकारी निर्देशक काफ्लेको ३ र ६ महिनाको एकैचोटि कार्य सम्पादन मूल्यांकन गरिएकामा ४७ प्रतिशत मात्र अंक पाएपछि उनले यसविरुद्ध पुनरावलोकनका लागि ऊर्जा मन्त्रालयमा निवेदन दिएका थिए । निवेदनका आधारमा ऊर्जा मन्त्रालयले पूर्वसचिव बालानन्द पौडेलको संयोजकत्वमा समिति गठन गरेकामा मूल्यांकन समितिको प्रतिवेदनलाई उपर्युक्त ठह¥याएको थियो । यसविरुद्ध उनले मन्त्रिपरिषद्मा पुनरावलोकनका लागि निवेदन दिएका थिए । तत्कालीन ऊर्जामन्त्री ज्ञवालीलाई तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले हटाएपछि निमित्त ऊर्जामन्त्रीको जिम्मेवारी पाएका तत्कालीन उपप्रधानमन्त्री वामदेव गौतमले अधिकार क्षेत्र नाघेर काफ्लेलाई मन्त्रालयमा हाजिर हुन निर्देशन दिएका थिए भने उनको बर्खास्तीका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लगेका थिए ।
सम्झौताअनुसार उनले पुनः पुनरावलोकनका लागि मन्त्रिपरिषद्मा निवेदन दिएकामा मन्त्रिपरिषद्ले गठन गर्ने समितिको प्रतिवेदनका आधारमा मात्र बर्खास्ती गर्न मिल्ने भन्दै सो प्रस्ताव दर्ता गर्नै अस्वीकार गरेको थियो । रायमाझी असोजमा ऊर्जामन्त्री बने पनि पुसमा मात्र प्राधिकरण छिरेका थिए भने ऊर्जा र प्राधिकरणबीच बढेको द्वन्द्वका कारण कार्यकारी निर्देशक काफ्लेद्वारा हस्ताक्षरित पत्र चार महिनासम्म मन्त्रालयले अस्वीकार गरेको थियो ।
काफ्लेले पत्र पठाएलगत्तै ऊर्जा मन्त्रालयले सरकारका पूर्वसचिव पूर्ण कडरियाको संयोजकत्वमा दीनबन्धु पोखरेल र तारानाथ सापकोटा सदस्य रहेको पुनरावलोकन समिति गठन गरेको छ । पाँच दिनभित्र पुनरावलोकन गर्ने गरी समिति गठन गरिएको ऊर्जा मन्त्रालयका सहप्रवक्ता गोकर्णराज पन्थले बताए । कार्यकारी निर्देशक स्रोतले भने जलविद्युत् क्षेत्रसँग असम्बन्धित व्यक्ति राखेर समिति गठन गरिएको तथा आफ्नो सहमतिमा समिति गठन गर्नुको सट्टा एकलौटी गरिएको बताएको छ ।
कडरिया नेतृत्वको समितिले दिएको प्रतिवेदन पनि चित्त नुबझेमा उनले फेरि पुनरावलोकनका लागि मन्त्रीपरिषद्बाट अर्को समिति गठनका लागि माग गर्न सक्नेछन् । मन्त्रीपरिषद्ले गठन गरेको समितिले पनि असफल देखाएमा उनलाई परिषद्ले बर्खास्तसमेत गर्न सक्नेछ ।

राजधानी दैनिक, २०७३/०२/२७

# माथिल्लो कर्णाली र अरुण तेस्रोमा मुआब्जा–वनले समस्या

भारतीय लगानीकर्ताले अगाडि बढाएका दुई महŒवपूर्ण जलविद्युत् आयोजना जग्गा प्राप्ति र वन क्षेत्रको अनुमति नपाउँदा अगाडि बढ्न सकेका छैनन् । माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको लगानीकर्ता ग्रान्धी माल्लिकार्जुन राव (जीएमआर) र अरूण तेस्रो जलविद्युत् आयोजनाको लगानीकर्ता सतलज विद्युत् निगमको काम अगाडि बढ्न नसक्नुका पछाडि जग्गाप्राप्ति र वनक्षेत्र खाली हुन नसक्नु नै प्रमुख कारणका रूपमा रहेको पाइएको हो ।

माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको प्रवद्र्धक जीएमआर नेपालका उपाध्यक्ष दीलिपकुमार सिंहले आयोजना क्षेत्रको जग्गा प्राप्त गर्ने विषय नै समस्याको रूपमा रहेको बताए । लगानी बोर्डले बुधबार सांसदहरूलाई डाकेर गरेको छलफल कार्यक्रममा उनले आयोजनालाई अगाडि बढाउने विषयमा आफूहरू प्रतिबद्ध भएर लागेको भए पनि विभिन्न कारणले समस्या आइरहेको बताए ।

आयोजना प्रभावित क्षेत्रका आयोजना विकास सम्झौता (पीडीए)मा उल्लेख भएअनुसार पुनर्बास तथा पुनस्र्थापनाको योजना तयार भइसकेको छ । कम्पनीले उत्पादित विद्युत् बिक्री गर्न भारतका विभिन्न राज्य सरकार र बंगलादेश सरकारसँग पनि छलफल गरिरहेको जनाएको छ । आयोजनालाई आवश्यक सुरक्षा उपलब्ध गराउने विषयमा सरकारसँग कुराकानी भइरहेको छ ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तले जग्गा प्राप्तिको विषयमा सरकारका विभिन्न निकायसँग छलफल भइरहेको जानकारी दिए । उनका अनुसार कुल ४८ हेक्टर निजी जग्गा र वन क्षेत्रको २ सय ६२ हेक्टर जग्गा आयोजनाले प्राप्त गर्ने विषयमा भइरहेको छलफल प्रगतिउन्मुख रहेको छ । यस्तै, सतजल विद्युत् निगमले अगाडि बढाएको कुल ९ सय मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत् आयोजनाको समस्या पनि माथिल्लो कर्णालीको जस्तै रहेको छ ।

कुल १ खर्ब १६ अर्ब लागतको सो परियोजनामा स्थानीय जनतालाई ६ प्रतिशत सेयर दिइने भएको छ । नेपालले १ सय ९८ मेगावाट विद्युत् प्राप्त गर्नेछ । वार्षिक ४ अर्ब १ करोड युनिट विद्युत् उत्पादन हुने आयोजनामा सरकारले जग्गाको हदबन्दी फुकुवा नगरिदिँदा र रुख कटानको स्वीकृति दिन ढिलाइ हुँदा काम अगाडि बढ्न नसकेको परियोजनाका नेपाल प्रतिनिधि हरिराम सुवेदीले जानकारी दिए ।

जग्गा अधिग्रहण र वनको स्वीकृति तथा सहजीकरण गर्ने काम सरकारले गर्नुपर्ने पीडीएमा उल्लेख छ । सुवेदीले आयोजनालाई करिब ३ हजार रोपनी जग्गा आवश्यक पर्ने बताए । आयोजनामा कुल ६ हजार रुख काट्नुपर्ने भए पनि आवश्यक प्रक्रिया अगाडि बढाउन नसक्दा समस्या पैदा भएको आयोजनाले जनाएको छ । आयोजनामा सतजल विद्युत् निगमले २५ अर्ब लगानी गर्नेछ भने बाँकी ९१ अर्ब भारतको पावर फाइनान्स कर्पोरेसन र अन्य वितीय संस्थाबाट ऋण लिने तयारी गरिएको छ ।

आयोजना निर्माण भएपछि नेपालले १ सय ९८ मेगावाट विद्युत् प्राप्त गर्नेछ भने प्रभावित ६ गाविसमा आयोजनाले निःशुल्क विद्युतीकरणसमेत गर्ने छ । कम्पनीले आयोजनाको डीपीआरका साथै

वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनसमेत तयार पारिसकेको छ । सुर्खेत, अछाम र दैलेख तीनवटै जिल्लाका केही गाविस प्रभावित हुने माथिल्लो कर्णाली जलविद्युत् आयोजना पनि ९ सय मेगावाट क्षमताको आयोजना हो ।

नेपाल र भारत सरकारबीच भएको विद्युत् व्यापार सम्झौता (पीटीए)पछि जीएमआरसँग आयोजना विकास सम्झौता गरिएको यो पहिलो आयोजना हो । माथिल्लो कर्णाली जलविद्युत् आयोजनाबाट नेपालले १२ प्रतिशत विद्युत् निःशुल्क रूपमा प्राप्त गर्नेछ भने २७ प्रतिशत सेयर प्राप्त गर्नेछ । नेपालले कुल १ सय ८ मेगावाट विद्युत् निःशुल्क पाउनेमा हाल जडित क्षमताको करिब १५ प्रतिशत हो । आयोजनाले तल्लो तटीय क्षेत्रमा पार्ने प्रभावका विषयमा समेत अध्ययन गरेर थप कारबाहीका लागि सिँचाइ विभागमा प्रतिवेदन बुझाइसकेको जनाइएको छ । परियोजनाबाट प्रभावित हुने सुर्खेत र अछामका तीन÷तीन गाविस र दैलेखका ६ गाविसका २ सय ३९ घरपरिवारको व्यवस्थापन गर्नुपर्नेछ । हाल सो आयोजनाको लागत १ खर्ब १२ अर्ब रहेको छ । आयोजना मुलुकको हितमा नरहेको भन्दै केही राजनीतिक दल तथा समूहले विरोध गर्दै आएका छन् ।

कान्तिपुर, २०७३/०२/२८

# माथिल्लो कर्णाली जलविद्युत् आयोजना : अधिग्रहण ढिलाइले जग्गाधनी अन्योलमा

जग्गा अधिग्रहण प्रक्रिया सुरु नहुँदा माथिल्लो कर्णाली जलविद्युत् आयोजना स्थलका बासिन्दा अन्योलमा परेका छन् । विकासकर्ता कम्पनी 'जीएमआर' ले मुआब्जा निर्धारण सम्बन्धमा स्थानीयसँग पर्याप्त छलफल नगर्दा समयमै जग्गा अधिग्रहण हुन नसकेको हो । अधिग्रहणमा ढिलाइले जग्गाधनी अन्योलमा छन् । माथिल्लो कर्णाली सरोकार समिति संयोजक बमबहादुर बीसीले अधिग्रहण प्रक्रिया सुरु नहुँदा स्थानीयवासी खेतीबाली लगाउने/नलगाउने भन्ने अन्योलमा रहेको बताए ।

'अहिले खेती बाली लगाएमा पछि त्यत्तिकै नष्ट हुन सक्छ,' उनले भने, 'बाँझो राखौं भने आयोजनाले जग्गा नलिए के खाने भन्ने चिन्ता छ ।' आयोजना विकास सम्झौता (पीडीए) भएको करिब दुई वर्ष बितिसक्दासमेत जग्गा अधिग्रहण प्रक्रिया सुरु हुन सकेको छैन । 'जीएमआर' ले जग्गाधनीसँग हालसम्म दुई पटक वार्ता गरेको छ । 'जीएमआर' ले प्रतिरोपनी साढे ७ लाख रुपैयाँसम्म दिन सक्ने बताएका थियो भने जग्गाधनीले कम्तीमा २० लाख पाउनुपर्ने अडान राखेका थिए ।

पहिलो वार्तामा 'जीएमआर' ले प्रतिरोपनी ६ लाख दिन सक्ने बताएको थियो । पछिल्लो वार्तामा डेढ लाख बढ्न सहमत भएको हो । स्थानीयवासीले आफूहरू जग्गा दिन तयार हुँदाहुँदै कम्पनीले बेवास्ता गरेको गुनासो पोखेका छन् । दैलेख रामागाडका जीवन थापाले आयोजना बनाउनलाई आफूहरू विरोधी पक्षसँग जुधेर बसेको बताए । 'आयोजनालाई जग्गा मात्र होइन । सारा वातावरण दिँदै छौं,' थापाले भने, तर, कम्पनी उचित मुआब्जा दिन तयार छैन ।'

आयोजनाबाट विस्थापित हुँदा माछा मार्ने व्यवसाय संकटमा पर्ने उनको भनाइ छ । सात्तलाका तिलक शाहीले आर्यघाटसमेत आयोजनाका लागि सुम्पेको बताए । 'यो सबै जोडेर प्रतिरोपनी २० लाख भनेका हौं । कम्पनी आधा दिनसमेत तयार भएन,' उनले भने । स्थानीयले उचित मुआब्जा नपाए आयोजना बन्न नदिने चेतावनी दिँदै आएका छन् ।

पीडीएमा जग्गा अधिग्रहण कम्पनी आफैंले गर्न सक्ने उल्लेख छ । यदि कम्पनीले नसके नेपाल सरकारले अधिग्रहण गर्नुपर्ने छ । सरोकार समितिका संयोजक एवं अछाम भैरवस्थानका बासिन्दा बमबहादुर बीसीले जीएमआरले अधिग्रहण ढिला गर्दा थुप्रै शंका उत्पन्न भएको बताए । 'पीडीएअनुसार समय गुज्रँदै छ । दर्जनौं पटक वार्ता बोलाउनुपर्नेमा कम्पनी पन्छिँदै छ,' उनले भने, 'यसले गर्दा समय लम्याउने र लाइसेन्स 'होल्ड' गरी राख्ने हो कि भन्ने आशंका लाग्न थालेको छ ।'

दैलेखका सात्तला, सिंगौडी, लयाटी विन्द्रासैनी, दुल्लु नगरपालिकाका नेपा–नाउलेकटुवाल र खडावाडा गाविस सुर्खेतका पोखरीकाँडा, छाप्रे, सालकोट र अछामका भैरवस्थान, रहफ, रानीवन गाविस यस आयोजनाबाट प्रत्यक्ष प्रभावित हुने छन् । पुन:स्थापना तथा पुनर्बाससम्बन्धी कार्ययोजनाअनुसार कुल ४ सय २६ घरधुरी प्रभावित हुने छन् ।

स्रोतका अनुसार जीएमआरले अरुण तेस्रोलाई पर्खिरहेको छ । 'अरुण तेस्रोमा जति तोकिन्छ, त्यसकै सरोफेरोमा माथिल्लो कर्णालीको मुआब्जा तोक्ने मनसाय छ,' जीएमआरको सुर्खेत कार्यालयमा कार्यरत एक कर्मचारीले भने ।

अरुण तेस्रो भारतीय सरकारी कम्पनी सतलज विद्युत् निगम र माथिल्लो कर्णाली निजीस्तरको भारतीय बहुराष्ट्रिय कम्पनी जीएमआरले निर्माण जिम्मा लिएका छन् । दुवै ९ सय मेगावाटका आयोजना हुन् । जीएमआरले जग्गा अधिग्रहणमा ढिलाइ गर्दा त्यसको प्रत्यक्ष असर वित्तीय स्रोत व्यवस्थापनमा परेको छ । अब उसले अधिग्रहण गरिदिन सरकारलाई आग्रह गर्ने तयारीमा पुगेको छ । आयोजनाका लागि निजी ७ सय र सार्वजनिक ९१ कित्ता जमिन अधिग्रहण गर्नुपर्ने छ । सरकारले अबको ८ महिनाभित्र अधिग्रहणको प्रक्रिया सम्पन्न गर्नुपर्ने बाध्यता छ ।

जीएमआरले पीडीए उल्लेख भएबमोजिम ऋण जुटाउन नसकेको भन्दै सरकारसँग थप एक वर्ष समय माग गरेको छ । माथिल्लो कर्णाली निर्माण गर्न जीएमआर र नेपाल सरकारबीच पीडीए भएको आगामी असोज ३ मा दुई वर्ष पुग्दै छ । यस अवधिमा कम्पनीले निर्माण पूर्वका सबै तयारी पूरा गर्नुपर्ने हुन्छ । जीएमआरले विद्युत् खरिद सम्झौता (पीपीए), जग्गा अधिग्रहण र ट्रान्समिसन मास्टर प्लानसम्बन्धी कागजात बुझाएपछि मात्र बैंकहरूलाई लगानीको बाटो खुल्ने छ ।